मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily




● वर्ष १ ● अंक २७० ● २०८० साल साउन २५ गते बिहीबार ● Thursday 10, August 2023 ● सूर्योदय: बिहान ५:३३ बजे ● सूर्यास्त: साँझ ६:४८ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# बाढी नियन्त्रणमा स्थानीय प्रयास

**सुरेश यादव**
**जनकपुर ।**
धनुषामा मंगलबार एकैदिन तीन जनालाई बाढीले बगाएपछि प्रमुख जिल्ला अधिकारी, सांसद र नगर प्रमुख थप क्षति हुन नदिन सक्रिय भएका छन् । प्रमुख जिल्ला अधिकारी काशीराज दाहाल र गणेशमान चारनाथ नगरपालिकाका प्रमुख जीतनारायण यादव आफैँ पनि उपस्थित भएर दिउँसो १ बजेदेखि राति २ बजेसम्म भत्किन लागेको बाँध थामथुम पार्न सफल भए । बालुवा भरेको बोरा, बाँस र तारजाली हालेर बाढीले जोखिममा परेको बाँध संरक्षण गरिएको छ । बाढीले बगाएर ल्याउने दाउरा निकाल्न विपन्न परिवारका सदस्य बाढीको जोखिमलाई वास्ता नगर्ने प्रवृत्तिलाई नियन्त्रण गर्नु प्रमुख चुनौति रहेको गणेशमान चारनाथ नगरपालिकाका प्रमुख यादवको भनाइ छ । 'दाउराका लागि ज्यानको समेत परवाह नगर्ने विपन्न परिवारलाई जोगाउन गाउँबस्तीमा पुगेर सचेत



गराइरहेको छु,' उनले भने, 'मंगलबार यस्तै अत्यन्तै जोखिमयुक्त ठाउँमा बाढीबाट दाउरा निकाल्ने क्रममा एक दम्पतीको ज्यान गयो । चारनाथमा प्रदेश सांसदले नपुगेको भए अर्को एक युवकलाई बाढीले बगाइसक्थ्यो ।' धनुषामा पूर्वतिर कमला र चारनाथ तथा पश्चिममा औरही, जलाद र रातु खोला आसपासको बस्ती बाढीको जोखिममा रहेको मानिन्छ । यस वर्ष बाढी र डुबानमा कमसेकम मानवीय क्षति हुन नदिन सुरुदेखि नै सबै सरोकारवालालाई सचेत गराउँदागराउँदै एकै दिन तीनजनाको ज्यान जानु अत्यन्तै दुखद् घटना भएको प्रमुख जिल्ला अधिकारी दाहालले मधेशदृष्टिलाई बताए । चारनाथ खोलामा चुरे क्षेत्रबाट बगेर आएको बालुवा र माटोले नदी पुरिएपछि पूर्व–पश्चिम राजमार्गको पुल समेत खतरामा पुगेको छ । एक महिना अगाडी सडक विभागले पुल जोगाउन पुल वरीपरी नदी खनेर गहिरो बनाएको छ । पुल मुनि गहिरो भएपनि तल गएर नदीको सतह उठेकोले बाढी अनियन्त्रित भई बाँध बगाउने खतरा बढेको नगर प्रमुख यादवले बताए । एक महिना अगाडी जिल्ला प्रशासन कार्यालय परिसरमा बसेको दैवी प्रकोप व्यवस्थापन समितिको बैठकमा पनि नगर प्रमुख यादवले चारनाथको नवनिर्मित बाँध तथा कमलामा चारनाथ मिसिएको संगमस्थलको बाँध जोखिममा रहेको जानकारी गराएका थिए । कमलाको बाँध संरक्षण गर्न कमला सिँचाई आयोजनाले काम गरेपनि चारनाथ नदी नियन्त्रणमा कहीँकतैबाट ध्यान नपुगेको यादवको गुनासो थियो ।

## 'कमलाको बाँध जोगियो अहिले खतरा छैन'



**काशीराज दाहाल**
**प्रमुख जिल्ला अधिकारी, धनुषा**

बाढीका कारण कमला नदीको बाँध एक ठाउँमा जोखिमपूर्ण अवस्थामा छ ।

योबाहेक धनुषा जिल्लामा बाढीले खासै समस्या तत्काल देखिएको छैन । हिजो पानीको बहाव बढेपछि कमला सिँचाइ आयोजनाको पुरानो बाँध बगाउने जोखिम देखिएको थियो । कमला ब्यारेजदेखि करिब तीनसय मिटर पश्चिम र नदीको दक्षिणी बाँधलाई बाढीले असर गरेको थियो ।

सूचना प्राप्त हुनासाथ हामीले मंगलबार दिउँसो एक बजेदेखि बाँध जोगाउन आवश्यक प्रयोजनमा खटिएपछि राति करिब दुई बजेसम्म काम गरेका थियौँ । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीय जनसमुदायको सक्रियतामा कमलाको बाँध जोगाउन सफल भएका छौँ । त्यो बाहेक अन्यत्र बाँध नै बगाएर बाढी अनियन्त्रित भइहाल्ने सम्भावना तत्काल देखिएको छैन ।

आज (बुधबार) म आफैँ पनि दुई पटक पुगेर कमला नदी क्षेत्रको अवलोकन गरेको छु । साँझसम्म पानीको बहाव कम भएको छ ।

सिन्धुली र उदयपुरबाट विभिन्न खोला मिसिएर कमला नदीमा बाढी आउने हो । साँझतिर सिन्धुली र उदयपुरमा वर्षा सुरु भइरहेको खबर प्राप्त भएको छ । माथि भारी वर्षा हुने हो भने कमलामा समस्या आउन सक्छ । अन्यथा जिल्लाको अन्य भेगमा खासै समस्या छैन ।

कमलाको पनि कमजोर बाँध रहेको ठाउँहरु पत्ता लगाएर कमला सिँचाइ आयोजनाका प्राविधिक लगाएर सबैतिरको सूचना संकलन गर्ने काम भइरहेको छ । नेपाली सेनालगायत सुरक्षा निकायले बाढी नियन्त्रण र उद्धार कार्यका लागि तयारी अवस्थामा छ । जिल्ला विपद् व्यवस्थापन समितिको तर्फबाट हरेक हिसाबले पूर्व तयारीमा हामी छौँ । हिजो पोर्ताहास्थित कमला ब्यारेजनजिक बाढीले बगाएर ल्याएको दाउरा निकाल्ने क्रममा बाढीले बगाएर बेपत्ता भएका परियार दम्पतीमध्ये पत्नी माया परियारको शव करिब चार किलोमिटर तल बरमझिया नजिक फेला परेको छ । साजन परियारको शव खोज्ने कार्य जारी छ । बाढीले जनधनको क्षति नहोस् भन्न बाढी र डुबानको सम्भावना रहेको क्षेत्रमा जनसमुदायलाई सतर्कता अपनाउन स्थानीय तह र सुरक्षाकर्मीमार्फत सचेत गराएका छौँ ।

## 'चारनाथमा जोखिम कायमै छ'



**जीतनारायण यादव**
**नगर प्रमुख**
**गणेशमान चारनाथ नगरपालिका**

कमला सिँचाइ आयोजनाको ब्यारेजनजिक बाँध बगाउने सम्भावना तत्काल टरेको छ । त्यहाँको बाँध नेपाल सरकारका सबै तहको सुरक्षा निकाय र नगरबासीको प्रयासबाट काम चलाउ अवस्थामा ल्याएका छौँ । कमला नदी र चारनाथ नदीको संगमस्थलमा भने अहिले पनि जोखिम छ । त्यहाँ पनि पुरानो बाँधको अवस्था कमजोर जस्तो देखिरहेको छु म । हुन त कमला सिँचाइ आयोजनाका कर्मचारीले बाँध भत्किने वा बाढीले बगाउने सम्भावना नरहेको दाबी गरिरहेको छ । तर, पनि त्यो ठाउँलाई हामीले निगरानीमा राखेका छौँ ।

चारनाथ नदीमा भने समस्या छ । पूर्व–पश्चिम राजमार्गदेखि दक्षिण श्रीरामपुर र भरतपुरको बीच भागमा पर्ने चारनाथले जनधनको क्षति गर्नसक्ने जोखिम छ । हिजो (मंगलबार) आएको बाढीले दुई वटा स्पर बगाइदिएको छ र बाँधमा पनि थोरै क्षति गरेको छ । यो भन्दा थोरै पनि पानीको बहाव बढ्यो भने बाँध बगाएर श्रीरामपुर र भरतपुर गाउँमा ठूलै क्षति हुनसक्ने सम्भावना छ । यस स्थानमा पनि सुरक्षा निकायलाई तैनाथ गरी समुदायमा सतर्कता अपनाउन भनेका छौँ । गणेशमान चारनाथ नगरपालिका चुरेदेखि तल सबैला नगरपालिकासम्म फैलिएको छ । चुरेमा बग्ने खोलाहरुमा बाढी आउँदा कमला र चारनाथमा पानीको बहाव बढेर जोखिम बढ्ने गरेको छ । बाढी प्रभावित क्षेत्रमा आमा समूहलाई वडास्तरका जनप्रतिनिधि तथा कर्मचारीमार्फत सचेत रहन सन्देश पुर्याइरहेका छौँ । यी बाहेक सामाजिक सञ्जालमार्फत पनि बाढी र डुबानको सम्भावना भएका क्षेत्रमा जनतालाई सचेत रहन आग्रह गरिरहेका छौँ ।

लामो समयसम्म देखिएको खडेरीको बेला वर्षा सुरु भएपछि सुकिरहेको खानेपानीका मुहान थोरै भएपनि रिचार्ज भएको छ । साथै किसानमा पनि राहत महसुस भएको छ । धान रोपाइँमा ढिलो त भयो । तर, खेतमा पानी उपलब्ध भएपछि वैकल्पिक व्यवस्थामा किसान व्यस्त भइरहेका छन् । यो वर्षाले उपलब्ध गराएको राहत किसानले पाएपछि केही तनाव कम भएको छ भने कमला नदीमा आएको बाढीले एकै पटक दुई जनाको ज्यान लिएपछि तनाव बढेको छ । अब थप मानवीय क्षति हुन नदिन नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधि तैनाथ छौँ ।

## 'चारनाथ जोगाउन तत्काल १० लाख चाहिन्छ'



**संजय महतो**
**प्रदेश सांसद**

कमला नदीले बाढीबाट दाउरा निकाल्न पुगेका दम्पतीलाई बगाएको खबर पाउनासाथ मेरो गाउँ नजिकैको चारनाथ खोला किनारामा पुगेको थिएँ । नदीमा बाढी त सानै थियो । तर, माथि सिन्धुलीतिर ठूलो वर्षा भएको खबर आइसकेकोले चारनाथमा पनि ठूलै बाढी आउने सम्भावना देखिइसकेको थियो । म पुग्दा एक जना श्रीरामपुरका युवा बीच नदीमा पसेर दाउरा निकाल्दै थिए । उनलाई निस्कन भने पनि मानिरहेको थिएनन् । बाहिर निस्क नभए प्रहरीले पक्रेर लग्छ भनेपछि बाहिर निस्कियो । ऊ बाहिर निस्किनु र नदीमा ठूलो बाढी आउनु एकैपटक भयो । बालबाल उसको ज्यान जोगियो ।

चारनाथ नदीमा पानीको गहिराइ धेरै हुँदैन तर वेग अत्यन्तै कडा हुन्छ । चारनाथ नदीमा माथि वर्षा भएपछि अचानक उर्लेर आउँछ र केहीबेरमै सुक्छ । तर सानो समयकै लागि आएको बाढी पनि खतरनाक हुन्छ । त्यसैले चारनाथको बाढीबाट जोगिनुपर्छ । कमला नदीले दुईजना सन्तानका आमाबाबु दम्पतीलाई बगाइदियो । ढल्केबरतिर पनि बसिह खोलाले बगाएर एकजना युवकको मृत्यु भयो । त्यसैले जनताको ज्यान जोगाउनु मेरो पहिलो प्राथमिकता हो । अहिले गाउँमै बसेर दिनभर नदी छेउका बस्तीमा पुगेर स्थानीयलाई सचेत गराउँछु ।

चारनाथ खोलामा गत आर्थिक वर्षमा नगरपालिकाको बजेटबाट एक करोड २० लाख रुपैयाँ र प्रदेश कार्यालयको २० लाख रुपैयाँ खर्च गरेर निर्माण गरिएको बाँध जोखिममा परेको छ । चारवटा मध्ये दुई वटा स्पर बगाइसक्यो । हिजोको भन्दा सानो बाढी आउँदा त खासै समस्या नहोला । तर, हिजोको भन्दा थोरै पनि ठूलो बाढी आए चारनाथको बाँध बगाएर गाउँमा बाढी पस्न सक्छ । चारनाथको बाढीले गाउँ नै बगाइदिने सम्भावना त छैन तर यो बाँधलाई बगायो भने कृषि क्षेत्रमा र ठूलो लागतमा नयाँ निर्माण गरिएको बाँधमा क्षति पुग्नसक्छ । यसबारे धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहाल र प्रदेश सरकारका भौतिक पूर्वाधार विकासमन्त्री कृष्णप्रसाद यादवलाई जानकारी गराएको छु । तत्काल १० लाख रुपैयाँको व्यवस्था भयो भने यो बाँध जोगाउन सकिन्छ ।

# मधेश विश्वविद्यालयले कानुन र जनप्रशासनमा भर्ना लिने




**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश विश्वविद्यालयले भदौ महिनादेखि कानुन र जनप्रशासन सङ्कायमा भर्ना लिने तयारी गरेको छ । भदौ महिनामा भर्ना प्रक्रिया सुरु गरेर असोजदेखि बिए, एलएलबी र जनप्रशासन सङ्कायको कक्षा सञ्चालन गर्ने निर्णय भएको विश्वविद्यालयका रजिष्ट्रार विजयकुमार यादवले जानकारी दिए ।

त्यसका लागि प्रारम्भिक कार्य पूरा गरी गठित पाठ्यक्रम विकास समिति र काठमाडौँ विश्व विद्यालयको विज्ञ टोलीले तयार पारेको पाठ्यक्रम पारित गरिसकिएको छ । 'विश्व विद्यालयको विषयगत समितिले तयार पारेको विद्यार्थी भर्ना प्रक्रिया र मापदण्डपारित गरी प्राज्ञ परिषद्बाटसमेत पास भइसकेको छ,' रजिष्ट्रार यादवले भने, 'अब केही दिनमै नेपाल कानुन व्यवसायी परिषद्बाट पानि पास गरेर औपचारिक रूपमा हामी भर्नाको प्रक्रिया सुरु गर्छौं ।' भर्ना खोल्न करिब करिब तयारी पूरा भइसकेको उनको भनाइ छ । भर्नासँगै आगामी असोजदेखि दुवै सङ्कायको पठनपाठन सुरु गरिने रजिष्ट्रार यादवले जानकारी दिए ।

विश्वविद्यालयको तत्काल आफ्नो संरचना निर्माण भइनसकेकाले काठमाडौँ विश्वविद्यालयको समन्वयमा दुवै सङ्कायको पठनपाठन सुरु गर्ने तयारी गरिएको छ । त्यससँगै विश्वविद्यालयले आवश्यक पूर्वाधार निर्माणको कार्यसमेत अघि बढाएको छ । २०७९ वैशाख १४ गते मधेश प्रदेशसभाद्वारा मधेश विश्वविद्यालय ऐन २०७९ जारी भई २०७९ साल भदौ २२ गते स्थापना भएको विश्वविद्यालयले वीरगंजस्थित नेशनल ट्रेडिङको भवन भाडामा लिई कार्यालय सञ्चालन गर्दै आएको छ । पोलिटेक्निक, आइटी, व्यवस्थापन, पारामेडिकल, कृषि इञ्जिनियरिङलगायत प्राविधिक शिक्षाको माध्यमबाट मधेश प्रदेशलाई प्राविधिक शिक्षा हबको रूपमा विकास गर्ने उद्देश्यका साथ अघि बढेको विश्वविद्यालयले जग्गा प्राप्तिसँगै आवश्यक भौतिक संरचनाका लागि डिपिआर तयारीमा जुटेको छ । यसका लागि पर्साको बहुदरमाई नगरपालिका–२ मा ३५ बिघा र पोखरिया नगरपालिकामा १६ बिघा ऐलानी जग्गा प्राप्त भएको छ भने पर्साको पकाहाँ मैनपुर गाउँपालिकास्थित सुरजाहा कट्टीमठ्ठा (राधाकृष्ण मन्दिर) को २७ बिघा जग्गा पनि प्राप्त भएको छ । बहुदरमाई नगरपालिका–२ मा प्राप्त भएको जग्गा सीमाङ्कन गरी पिलर जडान गरिएको भने पोखरिया नगरपालिकाको १६ बिघा जग्गाको स्वामित्व हस्तान्तरणका लागि वडा कार्यालयबाट सिफारिस भई अन्य प्रक्रियामा रहेको विश्वविद्यालयले जनाएको छ ।

विश्वविद्यालयले आफूलाई चाहिने विश्वविद्यालय सङ्गठन, शैक्षिक र प्रशासन नियमावली २०७९, शिक्षा, कर्मचारी सेवा नियमावली २०७९, आर्थिक प्रशासन नियमावली २०७९ पनि पारित गरिसकेको छ । आफ्नै केन्द्रीय क्याम्पस खोल्ने दीर्घकालीन सोच बनाएको विश्वविद्यालयको डिपिआर तयार भएपछि भौतिक संरचना निर्माणका लागि विभिन्न दूतावास, राष्ट्रिय योजना आयोग, मन्त्रालय तथा दाताबाट चन्दा सङ्कलन गरी भवन निर्माण गर्ने लक्ष्य लिइएको रजिष्ट्रार यादवले बताए ।

आवश्यकता र औचित्यको आधारमा आवश्यक जनशक्ति भर्ना गर्न सकिने अधिकार पाएको विश्वविद्यालयमा उपकुलपति र राजिष्ट्रारबाहेक तीन जना प्रशासनमा र चारजना कार्यालय सहयोगीमा कार्यरत छन् ।




# अपहरित किशोरीकै आमाछोरीलाई प्रहरीद्वारा यातना !

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
महोत्तरीमा १३ वर्षीया बालिका अपहरण र जबर्जस्ती करणीमा परेको घटना सार्वजनिक भएको छ । बालिकालाई अपहरण, शरीर बन्धक र जबर्जस्ती करणीको घटनामा महोत्तरी प्रहरीकै भूमिका पनि शंकास्पद देखिएको छ ।

अपहरित बालिका खोजी कार्यदेखि जबर्जस्ती करणी घटनामा समेत प्रहरीले पीडित परिवारजनलाई मानसिक तथा शारीरिक यातना दिई मुद्दा सामान्य बनाउन खोजेको भन्दै स्थानीयसमेत प्रहरीको रवैयाप्रति सशंकित छन् ।

जलेश्वर नगरपालिका वडा नम्बर ९ की बालिका दुई महिनाअघि अपहरणमा परेकी थिइन् । बालिकाको परिवारले प्रहरीलाई खबर गरे पनि प्रहरीले खोजतलास कार्यमा चासो देखाएन । पुनः पीडित बालिकाको परिवारजनले असार ७ गते दिएको किटानी जाहेरीका आधारमा प्रहरीले सोही गाउँकी दुई बालिका पक्राउ गरेको थियो । दुईमहिना बितिसक्दा पनि प्रहरीले पीडित बालिका पत्ता लगाउन सकेनन् ।

दुई महिनापछि शनिबार अपरान्ह ४ बजे पीडित बालिकाले लुकिछिपी आफैँ अपहरणकारीको मोबाइलबाट आफन्तलाई फोनमार्फत जानकारी गराएपछि बालिकाको परिवारबाट पाएको सूचनाको आधारमा धनुषा र महोत्तरीको संयुक्त प्रहरी टोलीले जनकपुरधामस्थित रामानन्द चोकको एक घरबाट अपहरित बालिकाको उद्धार गरेको थियो । पीडित बालिकाले आफूलाई



नशाजन्य पदार्थ खुवाएर पटकपटक दुश्कर्म गरेको बताएकी छिन् ।

घटनामा पक्राउ परेका आरोपितमाथि अपहरणको मात्रै मुद्दा लगाएर घटना सामान्य बनाएर पीडकसँग मिलिभगत हुनसक्ने आशंका गरिएको छ । प्रहरीको घटना छानबिन नै शंकास्पद देखिएको अधिवक्ता वैधनाथ झाको दाबी छ ।

अपहरणमा परेकी बालिकाले भनिन्, 'आफूलाई मिठाईमा मिसाएर नशाजन्य पदार्थ खान दिन्थे, नखाएपछि कुटपिट गर्थे र त्यसपछि बेहोस हुन्थेँ । होसमा आएपछि जिउ दुख्थ्यो, थाहा हुँदैनथ्यो कि मलाई के भइरहेको छ ।'

न्यायको आशामा रहेकी पीडित बालिकाकी आमालाई समाजका केही व्यक्ति विशेषले पीडित बालिकालाई नअपनाउन भन्न थालेका छन् भने पीडित बालिकाकी बुबा वैदेशिक रोजगारीमा भएका कारण आमा छोरीलाई अपहरण मात्रै होइन जबर्जस्ती करणीको पनि मुद्दा दायर गर्न जिल्ला प्रहरी कार्यालय महोत्तरीमा पुग्दा उल्टो दिनभर हिरासतमा राखिएको बताउँछिन् । प्रहरीले नै राति १० बजे सुनसान ठाउँमा छाडेको उनले गुनासो गरिन् ।

पीडित बालिकाकी आमाले जिल्ला प्रहरी कार्यालय महोत्तरीमा छोरीलाई अपहरणसँगै जबर्जस्ती करणी गरेको कुरा भन्दा हिरासतमा थुनेर राति सुनसान ठाउँमा १० बजेतिर छोडेको उनले रुदैँ बताइन् ।

उनले भनिन्, 'मै पीडित छु, उल्टै ममाथि नै दबाब दिए, छोरीलाई हिजोदेखि नै थुनेर राखेको छ, मेरो छोरीलाई मेरो आगाडि नै कुटपिट गरेको छ । मलाई जेलमा हाल्ने धम्की दिइरहेको छ ।'

घटनामा पक्राउ परेका आरोपितमाथि म्याद थप गरी मुद्दा चलाइएको र थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक दिलीप कुमार गिरीले बताए । बालिकाको मेडिकल रिपोर्टमा पनि पोजेटिभ देखिएको उनले बताए ।

# नयाँ रेस्टुराँ सञ्चालनमा



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको महानवीर स्थान नजिकै मेनरोडमै सुविधासम्पन्न क्याफे, लाउन्ज तथा बार रूबिक रेस्टुराँ सञ्चालनमा आएको छ । रूबिक रेस्टुराँको वीरगंजका मेयर राजेशमान सिंहले उद्घाटन गरे ।

स्थानीय युवा व्यवसायीको झन्डै अढाई करोड रुपैयाँ लागतमा सञ्चालनमा ल्याएको रेस्टुराँको उद्घाटन गर्दै नगर प्रमुख सिंहले वर्तमान समयमा युवा वैदेशिक रोजगारीतर्फ आकर्षित भइरहेका बेला स्थानीय युवाले जोखिम मोलेर नेपालमै केही गर्नुपर्ने भन्ने सोचका साथ रेस्टुराँ सञ्चालन ल्याएकामा खुशी व्यक्त गरे ।

रेस्टुराँले गुणस्तरीय सेवासहित स्वादिलो परिकार उपलब्ध गराउने विश्वास व्यक्त गर्दै उनले विभिन्न ठाउँबाट धार्मिक तथा व्यावसायिक कामले वीरगंज आउने पर्यटकका लागि एउटा गन्तव्यका रूपमा रूबिक रेस्टुराँ थपिएको बताए ।

वीरगंजमा प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार लगाइने रात्रीबजारले पनि रेस्टुराँ सञ्चालकलाई सहयोग पुगिरहेको दाबी गर्दै नगर प्रमुख सिंहले भविष्यमा रात्रीबजारलाई दैनिक बनाउने आफ्नो योजना रहेको बताए ।

स्थानीय युवा व्यवसायी विजय साह कानु, दिनेश प्रधान र सञ्जय श्रीवास्तवको संयुक्त लगानीमा सञ्चालनमा आएको रूबिक रेस्टुराँमा एकै पटक सय जनासम्म ग्राहकलाई सेवा दिन सक्ने क्षमता रहेको छ ।

## वीरगंजमा लोकसेवा कक्षा




**मधेशदृष्टि**
**वीरगंज ।**
दक्ष जनशक्तिबाट प्रशिक्षण दिने उद्देश्यले वीरगंजमा सञ्चालनमा आएको मधेश लोकसेवा तयारी केन्द्रको वीरगंज महानगरपालिकाका उपमेयर इम्तियाज आलमले उद्घाटन गरेका छन् ।

विद्यार्थीको रुचि सरकारी जागिरप्रति बढ्दै गएको हुँदा केन्द्रले दक्ष जनशक्ति उत्पादन गर्ने तथा विद्यार्थीको भविष्य बनाउनेमा आफू आशावादी रहेको उनले बताए । लोकसेवा आयोगलगायत अन्य सरकारी सेवा आयोगमा विद्यार्थीको चासो बढ्दै गएकाले सुलभ शुल्कमा सबैको शिक्षामा पहुँच हुने मनसायले पठनपाठन गराउन उनले मधेश लोकसेवा तयारी केन्द्रलाई आग्रह गरे ।

केन्द्रमा लोकसेवा आयोग, शिक्षक सेवा आयोग, बैकिङ्ग तयारी कक्षाहरु, सुरक्षा निकाय, कम्प्युटर कक्षा, प्राविधिक सेवालगायत अन्य कोर्सलगायत विभिन्न कोर्स पढाउने निर्देशक शेष कुमार हजराले जानकारी दिए । कार्यक्रममा नेपाली कांग्रेसका २६, २७ र २८ नम्बर का वडा अध्यक्षको उपस्थिति थियो ।



बाढीले सडक भत्काइँदैः महोत्तरीको रातो नदीमा आएको बाढीले बलवा नगरपालिका–१ स्थित नहरको फाँट नजिकै सडक भत्काउँदै । तस्बिरः सञ्जीतकुमार मण्डल

# बेपत्ता दुईको शव भेटियो

**मधेशदृष्टि**
**मकवानपुर ।**
मकवानपुरको बागमती गाउँपालिका–५ सिक्रेदोभानमा पहिरोमा परी बेपत्ता भएकामध्ये थप दुई जनाको शव फेला परेको छ । मङ्गलबार बिहान वर्षासँगै आएको बाढी तथा पहिरोले घर बगाउँदा बेपत्ता भएकामध्ये दुई जनाको शव सिन्धुलीको हरिहरपुरगढी गाउँपालिका–१ कोकरेस्थित बागमती नदीको बीच बगरमा फेला परेको मकवानपुरका प्रहरी नायब उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए । उनका अनुसार ६० वर्षीय अक्कलबहादुर स्याङ्तान र उनकी छोरी २२ वर्षीया शिला पहरीको शव फेला परेको हो । यससँगै पहिरोमा परेर मृत्यु हुनेको सङ्ख्या तीन पुगेको छ ।

सिन्धुली हरिहरपुर गाउँपालिका–१ कोकटीका १७ वर्षीय पासाङ घिसिङको भने मङ्गलबार साँझ जीवितै उद्धार गरिएको थियो । उनको करिब सात किलोमिटर तल बागमती खोलाको किनारबाटउद्धार गरिएको हो । घिसिङको खुट्टामा समस्या देखिएको र हेटौँडा अस्पतालमा उपचार भइरहेको छ ।

यस्तै, पहिरोमा परेर तीन जना अझै बेपत्ता छन् । बेपत्ता हुनेमा मृतक अक्कलबहादुरका ज्वाइँ २५ वर्षीय जीवन पहरी, नाति चार वर्षीय मिलन पहरी र नातिनी डेढ वर्षीया दिव्या पहरी छन् । प्रहरी र स्थानीयको सहयोगमा बेपत्ताको खोजी भइरहेको प्रहरी नायब उपरीक्षक कार्कीले बताए । पहिरोमा परेकामध्ये अक्कलबहादुरकी पत्नी ५५ वर्षीया सन्तमायाको भने मङ्गलबार नै मृत्यु भएको थियो ।

यस्तै, पहिरोमा पुरिएर दोलखा, बिगु गाउँपालिका–२ ओराङका १४ वर्षीय तिरिश तामाङको मृत्यु भएको छ । तामाकोशी नदीमा माछा मार्न गएका तामाङको पहिरोमा पुरिएर मृत्यु भएको इलाका प्रहरी कार्यालय सिङगटीले जनाएको छ । उनी मंगलबार राति माछा मार्न तामाकोशी नदी जाँदै गर्दा बाटोमा पहिरोले पुरिएका हुन् । तामाङसँगै गएका अन्य तीन जनाले भागेर ज्यान जोगाएको प्रहरीले जनाएको छ ।

केही दिनअघि गौरीशङ्कर गाउँपालिका–७ मा पहिरोबाट दुई जनाको ज्यान गएको थियो । पहिरोमा परेर दुई जना अझै बेपत्ता छन् ।

# महाधिवेशनतर्फ माओवादी

**रासस**
**काठमाडौँ ।**
नेकपा माओवादी केन्द्रले विधिसम्मत र वैचारिक दृष्टिकोणबाट पार्टीलाई अग्रणी बनाउने उद्देश्यका साथ विधान सम्मेलन हुँदै विशेष महाधिवेशनको यात्रा तय गरेको छ ।

साउन १७ गतेदेखि २१ गतेसम्म राजधानीमा चलेको केन्द्रीय समितिको चौथो पूर्ण बैठकबाट तीन महिनापछि विधान सम्मेलन र लगत्तै विशेष महाधिवेशन गर्ने निर्णय गरिएको माओवादीका प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिए । भर्खरै सम्पन्न केन्द्रीय समिति बैठकको निर्णयका सम्बन्धमा मुख्यालय पेरिसडाँडामा सञ्चारकर्मीसँग छलफल गर्दै उनले विधान सम्मेलन र विशेष महाधिवशेन गर्ने केन्द्रीय समितिको निर्णय पार्टी जीवनमा कोशेढुङ्गा भएको बताए । उनले भने, ‘केन्द्रीय समितिको बैठकले पार्टीलाई व्यवस्थित र क्रान्तिकारी बनाउन सर्वाधिक महत्वपूर्ण निर्णय लिएको छ ।’

माओवादीले आगामी मङ्सिरमा विधान सम्मेलन गर्नै निर्णय गरेको छ । सम्मेलनमार्फत भद्दा रहेको साङ्गठनिक संरचनालाई चुस्तदुरुस्त बनाउने, पार्टीलाई व्यवस्थित बनाउन प्रत्येक कमिटीमा लोकतान्त्रिक पद्धति अनुशरण गर्ने माओवादीको तयारी छ । अहिले माओवादीका साङ्गठनिक संरचना अस्तव्यस्त छन् । केन्द्रदेखि तलसम्मका नेताको जिम्मेवारी स्पष्ट नहुँदा पार्टीका संरचनाले गति लिन नसकेको माओवादीकै स्वीकारोक्ति छ ।

प्रवक्ता सापकोटा विधान सम्मेलनले पार्टीमाविधि बसाल्ने र विधिमार्फत पार्टी सुव्यवस्थित ढङ्गले सञ्चालन हुने विश्वास व्यक्त गर्छन् ।

‘सङ्गठनात्मक संरचना छरितो बनाउने, पार्टीमा विधि स्थापित गर्ने उद्देश्यका साथ विधान सम्मेलन गर्न लागिएको हो,’ उनले भने ।

विधान सम्मेलनले गर्ने निर्णय निकै महत्वपूर्ण हुने उल्लेख गर्दै उनले सम्मेलनले विधि, पद्धति र प्रक्रियाको टुङ्गो लगाउने जिकिर गरे ।

‘पार्टीमा ‘सिस्टम’ बसेको छैन, सिस्टम बस्यो भने संरचना क्रियाशील हुन्छन्,’ प्रवक्ता सापकोटाले भने, ‘सिस्टम बसाल्ने ध्ययेले सम्मेलन गर्ने निर्णय गरिएको हो ।’

केन्द्रीय समिति बैठकमा सदस्यहरुले पार्टी कमिटी अत्यन्त भद्दा हुँदा कामयवी नदेखिएको, केन्द्रदेखि तल्ला कमिटीको संरचना सानो छरितो बनाउनुपर्नेलगायतको सुझाव दिएका थिए । केन्द्रीय समितिको भावनाअनुसार विधान सम्मेलनमार्फत दुई अङ्कको केन्द्रीय समिति बनाउने माओवादीको तयारी छ ।

विधान सम्मेलनमार्फत पार्टीलाई व्यवस्थित र वैचारिक दृष्टिकोणबाट क्रान्तिकारी बनाउन विशेष महाधिवशेन गर्न लागिएको प्रवक्ता सापकोटाको भनाइ छ ।

# मोतिबिन्दुका ४५ जनाको शल्यक्रिया

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज सामुदायिक आँखा अस्पतालमा मोतिबिन्दु फेला परेका ४५ जना नेत्र रोगीको निःशुल्क शल्यक्रिया गरिएको छ । पर्सागढी नगरपालिका वडा नम्बर ५ पँचरुखी र वडा नम्बर ७ टिकुलियामा सम्पन्न निशुल्क आँखा शिविरमा चेकजाँच गराउँदा मोतिबिन्दु फेला परेका नेत्ररोगीको शल्यक्रिया गरिएको हो ।

साउन २१ गते पँचरुखीमा सम्पन्न शिविरमा जम्मा तीनसय जनाले आँखा चेकजाँच गराएका थिए । जसमध्ये ६० जनामा मोतिबिन्दु देखिएको वीरगंज सामुदायिक आँखा अस्पतालका मेडिकल संयोजक महेश सिंह धामीले जानकारी दिए । यस्तै, साउन २२ गते वडा नम्बर ७ टिकुलियामा सम्पन्न शिविरमा २ सय ४३ जनाले आँखा परीक्षण गराउँदा ४० जनामा मोतिबिन्दुको लक्षण देखिएको धामीले बताए । मोतिबिन्दु फेला परेकाको वीरगंज सामुदायिक आँखा अस्पतालमा निःशुल्क शल्यक्रिया गरिएको हो । अस्पतालका नेत्र चिकित्सक प्रभात यादवलगायतको टोलीले आँखाको शल्यक्रिया गरेको हो । शल्यक्रिया गराउन पर्सागढी नगरपालिकाका प्रमुख गोकर्ण पाठकसमेत उपस्थित भएका थिए ।




## थौरै ध्यान दिउँ, आँखा जोगाउँ

*विगत केही दिन यता आँखा पाक्ने रोग फैलिँदै गइरहेकाले आँखा पाक्ने रोग नियन्त्रण एवम् रोकथामको लागि सावधानी अपनाऔँ ।*

**आँखा पाक्ने रोगका लक्षणहरुः**
१. एक्कासी एउटा वा दुईवटै आँखा रातो हुने, आँखामा चिप्रा लाग्ने वा टालिने ।
२. आँखा धेरै चिलाउने, आँखा धमिलो देखिने ।
३. आँखाबाट आँसु बगिरहने, आँखा सुनिने, दुख्ने, बिझाउने ।
४. घाम तथा उज्यालो प्रकाशमा हेर्न गाह्रो हुने ।
५. आँखाको सेतो भाग रातो र रगत चुहिएला जस्तो देखिने ।



**बच्ने उपायहरुः**
१. जथाभावी आँखा नछुने, आँखा छुनै पर्ने भएमा पहिले राम्ररी साबुन पानीले हात धोएर मात्र छुने, पोसिलो खाने कुरा खाने ।
२. दैनिक सफा पानीले आँखा सफा गर्ने, आँखा पाकेमा रोगीसँग दूरी कायम गर्ने ।
३. आँखा पाक्ने रोगीले प्रयोग गरेका रुमाल, तौलियालगायत अन्य सामग्रीको प्रयोग नगर्ने ।
४. सेनिटाइजर नियमित प्रयोग गर्ने, सरसफाइमा ध्यान दिने ।

**आँखा पाक्ने रोग लागेमा के गर्नेः**
१. पटकपटक सफा र चिसो पानीले आँखा सफा गर्ने ।
२. आँखा छोइसकेपछि हरेक पटक साबुन पानी वा सेनिटाइजरले हात सफा गर्ने ।
३. आफूले प्रयोग गर्ने रुमाल, तौलिया, कपडा छुट्टै राख्ने र अरुलाई प्रयोग गर्न वा छुन नदिने ।
४. कालो चस्मा प्रयोग गर्ने, अन्य निरोगी व्यक्तिसँग टाढा रहने ।
५. आफूले प्रयोग गरेको सिरानीको खोल, तन्ना हरेक दिन सफा गर्ने ।
६. आफूखुसी आँखामा औषधी प्रयोग नगर्ने, औषधीको प्रयोग गर्नु पर्ने भएमा आँखासम्बन्धी चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह सुझावअनुसार प्रयोग गर्ने ।

मधेशदृष्टि · TV BIRGUNJ · RADIO Birgunj fm · 95.5

जनहितमा जारी सन्देश


# सडक किनारामा हरियाली बनाउने अभियान



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजलाई हराभरा तथा स्वच्छ बनाउने अभियानअन्तर्गत लिंकरोड र बाइपास रोडमा डिभाइडर तथा सडक किनारमा लगाइएका बिरुवालाई संरक्षण गर्ने अभियानसमेत सुरु भएको छ ।

वीरगंज महानगरपालिका र ग्रिनसिटी समुदायिक केन्द्रको संयुक्त आयोजनामा नयाँ विरुवा रोप्ने, बिरुवा हुर्काउन गोडमेल गर्ने, घाँसपात हटाउने, मलखाद उपलब्ध गराउनेलगायतका काम भइरहेको वीरगंज महानगरपालिकाका हरियाली तथा सरसफाइ संयोजक जयप्रकाश खेतानले जानकारी दिए ।

## बिहान ५ बजे नै पिडिएफ उपलब्ध





मधेशदृष्टिका प्रिय पाठक, तपाईं इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने बिहान ५ बजे नै मधेशदृष्टि इन्टरनेटमा पढ्न सक्नुहुनेछ । मधेशदृष्टिको पिडिएफए तपाईंका लागि www.emadheshdristi.com मा बिहान ५ नबज्दै उपलब्ध छ ।




# फोटो तथा भिडियो नखिच्न सरकारी उर्दी





जिल्ला प्रशासन कार्यालय

सूचना ! सूचना !! सूचना !!!

**मधेशदृष्टि**
**सप्तरी ।**
जिल्ला प्रशासन कार्यालय सप्तरीले पत्रकारलाई फोटो र भिडियो नखिच्न उर्दी जारी गरेको छ ।
सहायक प्रमुख जिल्ला अधिकारी लेबन काश्यप अधिकारीले एक सूचना जारी गर्दै फोटो र भिडियो नखिच्न उर्दी जारी गरेको हो ।
सहायक प्रमुख जिल्ला अधिकारी लेबन काश्यप अधिकारीले जारी गरेको सूचनामा कार्यालयमा सेवा लिन आउने सेवाग्राही, पत्रकार, सर्वसाधारणले बिना अनुमति यस कार्यालय परिसरभित्रको फोटो, भिडियो खिची सामाजिक संजाल, अनलाइन, पत्रपत्रिकामा राखेको पाइएकोले कर्मचारीको व्यक्तिगत गोपनियताको हक र कार्यालयको सुरक्षा संवेदनसिलताका कारण आदेशानुसार सूचना जारी गरिएको जनाइएको छ ।
जिल्ला प्रशासन कार्यालय सप्तरीले जारी गरेको सूचना विपरीत गतिविधि गरे/गराइएको पाइएमा प्रचलित कानुन बमोजिम कारवाही हुने चेतावनी पनि दिइएको छ ।
यस कार्यालयको प्रमुख जिल्ला अधिकारीको कार्यकक्षमा दुई बालक प्रमुखको कुर्सीमा बसेर टेबुलमा खुट्टा राखेर खेलिरहेको तस्विर सार्वजनिक भएपछि प्रशासन कार्यालयले सुचना जारी गरी तस्विर खिच्न तथा भिडियो लिन सक्त मनाही गरेको छ । जिल्ला प्रशासन कार्यालय सप्तरीले सुचना जारी गरेलगत्तै सामाजिक सञ्जालमा व्यापकरुपमा विरोध तथा आलोचना भइरहेको छ ।
यता नेपाल पत्रकार महासंघ सप्तरीले ध्यानाकर्षण भएको जनाउँदै यस घटनालाई शाही कालिन उर्दीको संज्ञा दिएका छन् ।

# सत्ता गठबन्धनको बैठकमा गौर घटनाको चर्चा



**काठमाडौं ।**
सत्ता गठबन्धनका शीर्ष नेताहरुबीच छलफल भएको छ । बुधबार बिहान प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, कांग्रेस सभापति शेरबहादुर देउवा, जसपा अध्यक्ष उपेन्द्र यादव र एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डेबीच छलफल भएको हो प्रधानमन्त्री प्रचण्डका स्वकीय सचिव रमेश मल्लका अनुसार संसद्को गतिरोध अन्त्यका विषयमा गठबन्धनका शीर्ष नेताहरुबीच छलफल भएको थियो । उनले भने,'मुलुकको राजनीतिक वस्तुस्थितिबारे प्रधानमन्त्रीज्यूले गठबन्धनका शीर्ष नेताहरुलाई ब्रिफिङ गर्नुभयो । मुख्यत संसद्को अवरोध कसरी हटाउने भन्ने विषयमा छलफल भयो ।'छलफलमा गौरहत्याकाण्डको विषयले पनि प्रवेश पाएको थियो । बुधबार सरकार र गौर हत्याकाण्ड पीडित संघर्ष समितिबीच भएको पाँच बुँदे सहमतिबारे यादवले चासो राखेका थिए । गठबन्धनका नेताहरुसँगको छलफलपछि प्रधानमन्त्री प्रचण्डले प्रमुख प्रतिपक्षी नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीसँग संवाद गरेका थिए । प्रधानमन्त्री प्रचण्ड र ओलीसँगको संवादमा कांग्रेस सभापति देउवा पनि सहभागी थिए । तीन नेताबीच लामो छलफल भएपनि संसद्को गतिरोध अन्त्यका लागि ओली तयार नभएको मल्लको भनाइ छ । एमालेको अवरोधका कारण प्रतिनिधिसभा र राष्ट्रियसभा बैठक आज पनि स्थगित भएको छ ।


# मधेश सरकारलाई मन्त्री साहको व्यवस्थापनमा चुनौती

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले पुर्णता पाएको एक साता नबित्दै पुनः मन्त्रालय टुक्रयाएर एक मन्त्रालय थपिने भएको छ ।
मधेश प्रदेश सरकारमा सहभागी हुने दलहरुको संख्या बढेपछि मुख्यमन्त्री सरोजकुमार यादवले मन्त्रालय थपेर बढाउन लागेको जनाएका छन् ।
गत जेठ ११ मा मुख्यमन्त्री यादवले चौथो पटक मन्त्रीपरिषद् विस्तार गर्दा दुई जना मन्त्रीलाई जिम्मेवारीविहीन बनाएका थिए ।
उनीहरुलाई जिम्मेवारीविहीन बनाएपछि पूर्णता नपाएको मधेस सरकारले गत साउन १५ मा जसोतसो पूर्णता पाएको हो ।
विना विभागीय मन्त्री रहेका वसन्त कुशवाह र राज्यमन्त्री सञ्जयकुमार यादवले मन्त्रीपरिषदले पुर्णता पाउनै लाग्दा राजीनामा दिनु परेको थियो ।
उनको ठाउँमा जनमत पार्टीका महासचिवसमेत रहेका प्रमुख सचेतक चन्दन कुमार सिंहलाई श्रम तथा यातायात मन्त्री र मञ्जु खंगलाई राज्यमन्त्री बनायो । कुशवाहसँगै जिम्मेवारीविहीन रहेकी जसपाकी सुरिता कुमारी साहले भने अन्तिम पटक भएको सरकार विस्तारमा पनि जिम्मेवारी पाउन सकिनन् ।



मुख्यमन्त्रीले उनलाई आफ्नै कार्यालयमा राखे ।
करिब डेढ सातादेखि विनाविभागीय मन्त्री साहलाई मुख्यमन्त्री कार्यालयमा बस्न टेबुल कुर्सी दिएर तत्कालका लागि व्यवस्थापन गरिएको छ ।
तत्कालीन समयमा लोसपाकी नेतृ साहले पार्टीबाट टिकट नपाएपछि महोत्तरी २ (ख) बाट स्वतन्त्र उम्मेदवार बनेर निर्वाचित भइन् । मन्त्री पाउने सर्तमा उनी जसपा प्रवेश गरिन् । तर प्रदेश सरकारमा सहभागी हुने दलहरुको संख्या बढेपछि मन्त्री व्यवस्थापन गर्न मुख्यमन्त्री यादवलाई अप्ठ्यारो भएपनि उनलाई भने राजिनामा गराउन सकेनन् । बरु उनलाई मुख्यमन्त्री कार्यालयमै एउटा कोठामा टेबुल कुर्सी दिएर बसाउनु परेको छ ।
यता जिम्मेवारीविहीन रहेकी मन्त्री साहले आफुलाई जिम्मेवारी मन्त्रालय नदिएमा पार्टी छाड्ने चेतावनी दिएपछि मुख्यमन्त्री कार्यालयमै कुर्सी टेबल राखेर बसाउनु परेको मन्त्रालयका एक कर्मचारीले जानकारी दिए ।
उनका अनुसार जनमत पार्टीले पाएको शिक्षा तथा समाज कल्याण मन्त्रालयलाई फुटाएर महिला, बालबालिका तथा युवा खेलकुद मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय बनाउने योजना रहेको दावी गरे ।
यसरी मन्त्रालय टुक्रयाएर भएपनि विनाविभागीय मन्त्री साहलाई मन्त्रालयको जिम्मेवारी दिन सकिने मुख्यमन्त्रीको योजना रहेको उनको भनाइ छ । तत्कालका लागि मधेश सरकारको प्रवक्ता समेत बनाउन सकिने विकल्पको रुपमा रहेको स्रोतले बताए ।

# मिर्चैयाको होटेलमा युवकको मृत्यु



**मधेशदृष्टि**
**सिरहा ।**
सिरहाको एक होटलमा मृत अवस्थामा युवक फेला परेको छ । जिल्लाको मिर्चैया नगरपालिका वडा नम्बर ६ स्थित कटारी चोकमा रहेको शम्भु होटलमा विराटनगर उप–महानगरपालिका वडा नम्बर १० का २५ वर्षिय सिद्धान्त भट्टराई मृत अवस्थामा फेला परेको हो ।
विराटनगरबाट को १ च ९१७२ नम्बरको पिकप गाडीमा कपी (अभ्यास पुस्तिका)को मार्केटर भट्टराईले बासस्र रुम बुक गराएको सहदेव होटलमा सँगैरहेका गाडी चालक २७ वर्षिय सागर राईलाई छोडेर निस्किएपनि उनको शव नजिकै रहेको शम्भु होटलमा फेला परेको इलाका प्रहरी कार्यालय मिर्चैयाले जनाएको छ ।
इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रमुख समेत रहेका प्रहरी नायब उपरीक्षक जितेन्द्र बस्नेतले घटनाको विषयमा अनुसन्धान भईरहेकाले तत्काल केही भन्न नसकिने बताए । मृतकको छातिमा निलडाम देखिएकाले घटना शंकास्पद भएको स्थानीयको भनाइ छ ।
सहदेव होटलमै खाजा खाएका भट्टराई शम्भु होटलमा गएका थिए । त्यहाँ भट्टराईले एउटा वियर लिएको थियो भने उनले वियर खाएकै ठाउँमा सर्ट खोलेर कुर्सिमा झुन्डाएको अवस्थामा फेला परेको प्रहरीको भनाइ छ । भट्टराईको शव भने कोठाभन्दा बाहिर फेला परेको जनाइएको छ ।
होटदका सञ्चालक शम्भु साहले भट्टराई राती ११ बजेको आसपासमा आफ्नो होटलमा आएको स्वीकारेका छन् । उनले वियर माँगेर खाएको र केहीबेरमा शौचालय कता छ भन्दै सोधेको बताए ।
मृतक शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल सिरहामा राखिएको छ ।

# अनुचित लेनदेनका पीडितद्वारा अदालत अगाडि नाराबाजी




**मधेशदृष्टि**
**बारा ।**
अनुचित लेनदेन (मिटर ब्याजी) पीडितहरुले बारा स्थित जिल्ला अदालत अगाडि नाराबाजी गरेका छन् ।
बाराको सदरमुकाम कलैयामा अनुचित लेनदेनको विषयमा दुवै पक्षलाई बोलाएर छलफलको माध्यमबाट जिल्ला प्रशासन कार्यालय बाराले धमाधम मुद्दाहरु मिलापत्र गराउन थालेपछि अदालतको फैसला अवहेलना गरेको भन्दै मिटर ब्याजी साहुहरुले प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुख विरुद्ध साहु महाजनहरु अत्तालिएर उच्च अदालतमा एक दर्जन भन्दा बढी उजुरी दर्ता गराएको सुचना पाए लगत्तै ब्याज पिडितहरु अदालतको न्यायधिश विरुद्ध प्रदर्शन गर्न बाध्य भएको प्रदर्शनकारीहरुले बताएका छन् ।
वास्तविक रकम भन्दा दोब्बर, तेबर र चार गुणा बढीमा कपाली तमसुक बनाएर ३६ देखि ६० प्रतिशत सम्म मासिक ब्याज असुल्दै आएको र ब्याज दिन बन्द गरेपछि साहुले अदालतमा मुद्दा गरी असुल उपर गर्ने परम्परा विरुद्ध सरकारले ल्याएको ऐनलाई टेकेर जिल्ला प्रहरी कार्यालय बारामा मुद्दा फर्छ्यौट गराउँदा साहु महाजनहरुले जिल्ला प्रशासन कार्यालयमा नगई पिडितले दर्ता गराएको निवेदन उपर छलफल नगराउन अदालतबाट निषेधाज्ञा जारी गराइरहेकाले पीडितलाई न्याय दिलाउन गाह्रो भएको हुँदा निषेधाज्ञा जारी गर्ने काम बन्द गराउन मिटर ब्याज पिडितहरु प्रदर्शनमा उत्रिएका हुन् ।
बारा जिल्ला अदालतका २ नम्बर न्यायाधीश मुकेश उपाध्यायले अदालतले गरेको फैसलालाई सरकारले गठन गरेको एउटा आयोगले मान्दिन भन्न नमिल्ने प्रष्ट पारेका छन् । उनले भने, 'अदालतबाट फैसला भएर राजस्व रकम बुझाइसकेको विषयमा एउटा आयोगले मान्दिन भन्न मिल्दैन, सीडीओ कार्यालयमा दुवै पक्षलाई बोलाएर पुनः छलफल राखे भए अदालत केका लागि चाहियो ? उहाँहरुले नै फैसला गरे भइगयो नि, स्थानीय प्रशासनको कार्यशैलीप्रति असन्तुष्टि जनाएका न्यायाधीश उपाध्यायले भने, 'जिल्ला अदालतबाट भएको फैसला चित्त नबुझे उच्च, सर्वोच्च अदालत जाने ठाँउ छ, तर हाम्रो फैसलालाई कार्यान्वयन गर्दिन भन्न उहाँहरुले पाउनुहुन्न ।'
उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगञ्जमा ३ दर्जनभन्दा बढी उजुरी परेको जिल्ला प्रशासन कार्यालय बाराले जनाएको छ ।
साहु महाजनहरुले जिल्ला अदालतको फैसला अवहेलना भएको भन्दै फैसला कार्यान्वयनका लागि अन्तरिम आदेशसहितको निषेधाज्ञा माग गर्दै उच्च अदालतमा निवेदन दिएका छन् । अदालतमा विचाराधीन मुद्दा र फैसला भइसकेको मुद्दामा स्थानीय प्रशासनले हस्तक्षेप गरेर दुवै पक्षलाई झिकाएर छलफल गराउने गरेको छ ।

# बसबरीयामा बाढीपीडितलाई राहत



**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको बसबरीया गाउँपालिकाले बाढी पीडितलाई राहत वितरण गरेको छ ।
बुधबार बसबरीया गाउँपालिका वडा नम्बर २ स्थित ढाबटोलका बाढी पीडितलाई खाद्यान्नलगायतका राहत सामग्री वितरण गरेको हो ।
बाढी पीडितहरुलाई बासस्थान तथा भोजनको तत्काल समस्या भएकाले उनीहरुलाई ३१÷३१ थान त्रिपाल, हस्क पावर चुल्हो तथा चिउरा, दालबुट, चाउचाउलगायतका खाद्यान्न सामग्रीसमेत वितरण गरिएको गाउँपालिका अध्यक्ष रामसिंहासन रायले जनाएका छन् । उनले प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवलाई समेत ढाबटोलका बाढी पीडितलाई राहत सामग्री उपलब्ध गराउन आग्रह गरेका छन् ।
सोमबारदेखि परेको अविरल वर्षातका कारण बागमती नदिको बाढी गाउँमा पसेपछि घरहरु डुबानमा पर्दा ढाबटोलका ३१ घरधुरी विस्थापित बनेको अध्यक्ष रायले बताए । विस्थापित बनेकामध्ये अधिकांश त्रिपाल मुनी बसेको उनले बताए ।
कतिपय बाढी पीडित आफन्तजनका घरमा परिवारका सदस्यसहित बसोबास गरिरहेका छन् ।
बाढीबाट ४ वटा पोखरी पुर्नुका साथै मकै र तरकारी खेतीसमेत नस्ट भएको अध्यक्ष रायले बताए ।

# अफसेट प्रेसमा आगलागी हुँदा क्षति



**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरीको गौशालामा रहेको एक अफसेट प्रेसमा आगलागी हुँदा लाखौं मुल्य बराबरको क्षति भएको छ ।
जिल्लाको गौशाला नगरपालिका वडा नम्बर ५ स्थित बजार क्षेत्रमा रहेको अफसेट प्रेसमा आगलागी हुँदा लाखौं मुल्य बराबरको क्षति भएको हो ।
बुधबार स्थानीय चन्दनकुमार गुप्ताले सञ्चालन गरेको हिमालय अफसेट प्रेसमा आगो लाग्दा मेसिनसमेत गरी १० लाख रुपैयाँ बराबरको क्षति भएको दाबी गरेका छन् ।
सञ्चालक गुप्ताले दिउँसो विधुत सट भएर मेसिनमा आगलागी हुँदा करिब १० लाख रुपैयाँको धनमाल जलेर नष्ट भएको बताए ।
आगलागीको जानकारी पाएलगत्तै घटनास्थल पुगेको प्रहरीको सहयोगमा आगो नियन्त्रणमा लिएको थियो ।
यस घटनाको अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय प्रहरी निरीक्षक मनोज यादवले जनाएका छन् ।

सफलताको सूत्र पुस्तकमा होइन, मेहनतमा हुन्छ ।
– अब्राहम लिंकन

## सम्पादकीय

# बाढीले तबाह

७२ घण्टाअघिसम्म मधेश प्रदेशको समाचार अर्कै थियो । अस्तिसम्म नेकपा एमाले मधेशलाई सुक्खाग्रस्त क्षेत्र घोषणा माग गर्दै प्रशासनमार्फत प्रधानमन्त्रीलाई ज्ञापन पत्र पेश गर्दै थियो । सिंगो सरकार, प्रदेश सरकार, स्थानीय सरकारसँग सर्वदलीय सहमति थियो कि, मधेशमा देखिएको पानीको हाहाकार कसरी अन्त्य गर्ने ? मधेशलाई सुक्खाग्रस्त क्षेत्र घोषणा गरी राहत दिन जरुरी छ । ट्यांकीमा घरघरमा पानी वितरण भयो । संघीय सरकारका खानेपानी मन्त्री मधेश झरे । प्रदेश सरकामा विभागीय मन्त्री पनि कार्यक्रम लिएर सकेजति जनतामा पुगे । राजधानी धनुषाको जनकपुरधामदेखि आर्थिक राजधानी वीरगंजसम्म पानीको हाहाकारले सबैको ध्यानआकृष्ट ग¥यो । सबैभन्दा धेरै धान फल्ने धनुषामै रोपाइँ प्रभावित भएको खबरले देशभर चर्चा पायो । रोपाइँ हुन नसकेर किसान सकसमा परेका खबर आए । यस्तै समाचारले आकुलव्याकुल भएको मधेशको समाचारमा सरकारको आलोचना र जनता आहत भएको विषय प्राथमिकतामा परेको थियो ।

तर अहिले समाचार बदलिएको छ । हल्का पानी पर्दा पनि स्वर्गानुभूत भएको महसुस गर्न नपाउँदै अविरल वर्षाले मधेश डुबानमा परेको छ । १ सय ५५ बस्ती डुबानमा परेका खबर बुधबारसम्म सार्वजनिक भइसकेको छ । केहीको ज्यान गुमेको छ । नदीमा बगेर आएको दाउरा समात्न जाँदा गर्भवती पत्नी बगाएपछि फाल हालेका पति पनि बेपत्ता भएको अनि घरमा दुई लालाबाला बिचल्लीमा परेका अमिला खबरहरु पनि आए । नेपाली सेना, प्रहरी, सशस्त्र प्रहरी, जिल्ला प्रशासन, स्थानीय सरकारको सक्रियता एकाएक 'पानी परेनबाट पानीबाट कसरी जनता बचाउने' भन्नेमा मोडियो । आसपासका नदीनालामा आउने बाढी ज्यानमारारुपमा प्रस्तुत हुन थाले । त्यसैले नदी छेउका बस्ती जोगाउने विषय सबैभन्दा मूल विषय बनेको छ । कैयौँको ज्यान गएको छ । कैयौँ बस्ती छाडेर भाग्ने अवस्थामा छन् । समग्रमा मधेशमा बाढीले जनजीवन प्रभावित पारेकोक छ । यो अवस्थामा जिउधनको सुरक्षा नै मूल विषय बनेको मधेशमा । बाढीबाट पीडितहरुलाई उद्धारका लागि राज्य एलर्ट हुन परेको छ ।

स्थानीय सरकारले डुबेका बस्तीका वासिन्दा जोगाउनु मूल विषय हो । वीरगंज महानगरका आसपासका बस्ती डुबानमा परेपछि संघीय सांसद प्रदीपकुमार यादव र मेयर राजेशमान सिंहले अनुगमन गरेका छन् । महानगरका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेल पनि बाढीप्रभावित क्षेत्रमा पुगेका छन् । बारा, पर्सा, रौतहट, सर्लाही, धनुषा, सप्तरी, सिरहा, महोत्तरी सबै जिल्ला उस्तै समस्यामा परेका छन् । पहाडबाट बगेर आउने नदीमा बढेको भेलले मधेशको जनजीवन आक्रान्त बनेको हो । यस्तोबेला स्थानीय सरकार र प्रदेश सरकारले आफ्ना जनतालाई सुरक्षित बस्तीमा सार्नु पहिलो कर्तव्य हो । घरबारविहीन भएकालाई खाना र बासको व्यवस्था गर्नु पर्छ । अझ जेष्ठ नागरिक, गर्भवती, बालबालिका पहिलो प्राथमिकतामा पर्नुपर्छ । यस्तै, सर्पको बिगबिगी पनि हुने अर्को समस्या छ । बाढीबाट जोगाइयो, फेरि सर्पदंशबाट पनि जोगाउन जरुरी छ । समग्रमा स्थानीय सरकार र मधेश प्रदेश सरकार अहिले यसैमा जुट्न सके मधेशको तबाह घट्ने देखिन्छ ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# संसद अनिर्णयको बन्दी बनाइनुहुन्न



अवरुद्ध सदन खुलाउन सत्तारुढ दलका सांसदले अनुरोध गर्दा पनि प्रतिपक्षी दलका सांसदले आफ्ना माग सम्बोधन नभएसम्म सदन खुन्न नसक्ने अडान लिएका छन् । राष्ट्रियसभाको बुधबारको बैठकमा समय माग गरेर बोल्दै सत्तापक्षका सांसदले सदन निरन्तर अवरुद्ध हुँदा जनसरोकारका विषयमाथि छलफल हुन नसकेको, कतिपय महत्पूर्ण विषय पेस हुन नपाएकाले सदन सञ्चालन गरी सहमतिका साथ अघि बढ्न आग्रह गरे ।

प्रतिपक्षी दलका संसद्ले भने नागरिकको पक्षमा काम गर्न आफूहरूले मुद्दा उठान गरेको भन्दै सहमतिका आधारमा निष्कर्षमा पु¥याउनुपर्ने जिकिर गरे । बैठकमा नेकपा माओवादी केन्द्रका सांसद जगप्रसाद शर्माले नागरिकको सार्वभौम, कानुन बनाउने, जनजीविका र विकास निर्माणसँग प्रत्यक्ष जोडिएका विषयवस्तु उठाइने संसद् अवरुद्ध हुनुले आवश्यकताका विषय ओझेलमा परेको जनाउँदै तत्काल सदन खुलाउनुपर्नेमा जोड दिए ।

'संसद्को गरिमालाई कायम राख्न अवरुद्ध सदन सुचारु गरी असहमति भएका विषय बैठकमा राख्नुपर्ने हो,' उनले भने, 'प्रतिपक्षले जुन ढङ्गले संसद् अवरुद्ध गरिरहेको छ, यसले भावी पुस्तालाई के सन्देश दिन्छ ? सदनको भाव र मर्मलाई सबै राजनीतिक दलले बुझ्नुपर्छ ।'

भुटानी शरणार्थी प्रकरण, ललिता निवास प्रकरण, सुनकाण्डलगायत विषय वर्तमान सरकारले उजागर गरी कानुनी दायरामा ल्याउने अभियान चलाइरहेको अवस्थामा सदन अवरुद्ध गरेर कसैलाई पनि फाइदा नपुग्ने सांसद शर्माको भनाइ थियो । 'राज्यका अङ्गको कामप्रति हामीले विश्वास गर्नुपर्छ,' उनले भने, 'सरकारले उपलब्ध साधन, स्रोत र जनशक्तिले सम्पन्न नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) लाई सुन प्रकरणको छानबिनका लागि जिम्मेवारी दिएको छ ।'

नेपाली कांग्रेसका सांसद अनिता देवकोटाले सार्वभौम संसद् संसदीय प्रणालीको साझा थलो भएकाले जनसरोकारका विषय छलफल हुन पाउनुपर्ने धारणा राख्दै संसद् खुलाएर अघि बढ्नुपर्नेमा जोड दिइन् ।

'संसद् अवरुद्ध हुँदा जनताको बोली अवरुद्ध हुन्छ । केही दिनयता लगातार संसद् अवरुद्ध हुनु राम्रो संस्कार हैन,' उनले भनिन्, 'यसले संसदीय प्रणालीलाई कता लैजादैछ भनी प्रश्न उठेको छ ?'

सांसद देवकोटाले वर्षायाममा बाढीपहिरोजन्य घटना भइरहेको जनाउँदै नागरिकसँग प्रत्यक्ष जोडिएका समस्या सम्बोधन गर्नका लागि पनि संसद सञ्चालन गर्न आग्रह गरिन् । उनले तीन सातादेखि संसद अवरुद्ध हुँदा नागरिकका विषय ओझेलमा परेका भन्दै संसद्लाई अनिर्णयको बन्दी बनाइन नहुने बताइन् ।

बैठकमा नेकमा एमालेका सांसद कुमार दसौदीले आफ्नो पार्टीले भाष्य निर्माण गरेर सदन अवरोध नगरेको स्पष्ट पार्दै सुन काण्डको छानबिनका लागि आयोग गठन गर्न सुरुदेखि नै माग गरिएको बताए । उनले अहिले सिआइबीको नाममा विषयलाई सामसुम पार्न खोजिएको आरोप लगाए । उनले भने, 'सुनकाण्डको तस्करी सदाको लागि अन्त्य गर्न उच्चस्तरीय छानबिन समिति गठन गरेर त्यसलाई निर्मूल गनुपर्छ ।'

एमालेकै सांसद बिमला राई पौड्यालले राज्यका निकायमाथि शङ्का नभइ ती संस्थालाई कमजोर बनाउने सम्भावना भइरहेकाले उच्चस्तरीय छानबिन आयोग गठन गरेर यस विषयको टुङ्गो लगाउनसकिने विश्वास व्यक्त गरिन् । उनले अवरुद्ध संसद् खुलाउने विषय सरकारको दायित्व भएको जनाउँदै अहिले सम्बोधन गर्नुपर्ने जनजीविकाका विषयलाई प्रभावकारी बनाउन सरकारले पहल गर्नुपर्ने धारणा राखिन् ।

नेकपा एकीकृत समाजवादीकी सांसद जयन्तीदेवी राईले संसद् अवरुद्ध हुँदा विद्यमान समस्यालाई थप जटिलतातर्फ लगिरहेको उल्लेख गरिन् । 'हिजोको मान्यतालाई आज पनि स्थापित गर्नुहुँदैन । संसद् अवरुद्ध गरेर समस्याको समाधान हुँदैन । भ्रष्टाचारको निर्मूलका लागि सबै एकताबद्ध भएर निष्कर्षमा पु¥याउनुपर्छ,' उनले भनिन् । जनता समाजवादी पार्टीका सांसद मोहम्मद खालिदले लामो समयसम्म वर्षा नहुँदा तराईका अधिकांश क्षेत्रमा धान रोपाइँ हुननसकेको भन्दै नेपालको उर्वरा भूमिको उत्पादन वृद्धिका लागि सरकारले योजनाबद्ध कार्यक्रम ल्याउनुपर्ने खाँचो औँल्याए । उनले सुन प्रकरणको छानबिनका लागि सरकारले सिआइबीलाई जिम्मेवारी दिइसकेकाले यो कार्यमा विश्वासका साथ सबैले सहयोग गर्नुपर्ने बताए ।

राष्ट्रिय जनमोर्चाका सांसद तुलप्रसाद शर्माले भ्रष्टाचार तथा तस्करी नियन्त्रण गर्न सकिएमा देशमा आर्थिक समृद्धि र सुशासन अभिवृद्धि हुने बताए । उनले संसद् अवरुद्ध गरेर गन्तव्यमा पुग्न नसकिने जनाउँदै सरकारी निकायले गरिरहेका कामप्रति विश्वास गर्न सबैलाई आग्रह गरे । उनले ढिलै भए पनि प्रतिपक्षीले संसद् खुलाउन सहयोग गरेकामा धन्यवाद व्यक्त गरे । सांसद खिमलाल देवकोटाले नक्कली भुटानी शरणार्थी, सुन तक्करी, ललिता निवास काण्डलगायत विषयले देशको बदनाम भएको जनाउँदै यस्ता गतिविधि नियन्त्रणका लागि संसदीय छानबिन समिति गठन गर्न माग गरे । उनले पटकपटक संसद् अवरुद्ध गरेर सार्वभौम जनताको अधिकार हनन भइरहेकाले समस्या समाधानका लागि सहमति गरी निकास जोखिनुपर्नेमा जोड दिए । सांसद वामदेव गौतमले सुनकाण्ड, नक्कली भुटानी शरणार्थीलगायत सबैकाण्डको निष्कर्षमा पु¥याउन सबै जिम्मेवार ढङ्गले लाग्नुपर्नेमा जोड दिए । उनले उच्चस्तरीय छानबिन समिति गठन गर्दा कार्यक्षेत्र परिवर्तन भई अहिले उठिरहेका विषय ओझेलमा पर्नसक्ने जनाउँदै अहिलेको प्रक्रियालाई निष्कर्षमा पु¥याउन सबैले सहयोग गर्नुपर्ने धारणा राखे ।

यसैबीच बैठकको आकस्मिक समयमा सांसद बिमला कुमारी घिमिरेले वर्षातका समयमा देशभर बाढीपहिरोजन्य घटनाले ठूलो धनजनको क्षति भइरहेको सन्दर्भमा अवरुद्ध सदन खुलाएर संसद्को गतिरोध अन्त्य गर्न सरकारले विशेष पहल गर्न माग गरिन् । सांसद रमेशजङ्ग रायमाझीले संसद्मा नबोलिएको विषय प्रतिपक्षले कुरा उठाएको भन्दै आपत्ति प्रकट गरिन् ।

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले सुन प्रकरणबारे उच्चस्तरीय छानबिन समिति गठन गर्नुपर्ने माग गर्दै तीन सातादेखि संसद् अवरुद्ध गरिरहेको छ ।

### कार्यसूचीमा प्रवेश नगरी बैठक अवरुद्ध

राष्ट्रियसभाको बुधबारको बैठकमा पनि प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) को अवरोध कायमै रह्यो । बैठकको सुरुमा दलीय आधारमा सांसदहरूले आफ्नो भनाइ राखिसकेपछि एमालेले बैठक पुनः अवरोध गरेको हो । निर्धारित कार्यसूचीमा प्रवेश गर्न नसकेपछि अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले कार्यसूची हटाए । राष्ट्रियसभाको अर्को बैठक साउन २६ गते बिहान ११ बजेर १ मिनेटमा बस्नेछ ।

# 'नागरिकतासम्बन्धी नियमावली पेस गर्दैछौँ'



'अहिले अङ्गीकृत नागरिकता वितरणमा केही सरलीकृत मात्रै गरिएको छ, पहिला निस्सा चाहिनेमा अहिले स्वघोषणा गरे मात्रै पुग्ने व्यवस्था गरिएको हो, नेपाली महिलाले विदेशी पुरुषसँग विवाह गरेमा तिनका सन्तानले वंशजका आधारमा नागरिकता पाउने व्यवस्था संविधानमा छैन, संविधानमा नभएको कुरा नियमावलीबाट अपेक्षा गर्न सकिँदैन ।'

**–नारायणकाजी श्रेष्ठ**
**गृहमन्त्री**



नागरिकता ऐनमा भएको व्यवस्था तथा यसको कार्यान्वयनमा वंशज नेपाली आमाबाट जन्मेका छोराछोरी, कतिपय एकल महिलालाई नागरिकता पाउन अझै पनि समस्या रहेको, नागरिकता वितरण निर्देशिका र नागरिकतासम्बन्धी नियमावलीमा अझै पनि पितृसत्तात्मक सोच हट्न नसकेको पाइएको छ ।

**–सविन श्रेष्ठ,**
**कार्यकारी निर्देशन, महिला कानुन र विकास मञ्च**

विसं २०५६ मा सडकमा पुगेर २०५७ सालदेखि सङ्घसंस्थाको सहयोगमा बाँचेँ, २०६९ सालमा नागरिकताका लागि पहल गर्दा नपाएर अदालत गएँ, नागरिकताका लागि पहल गरेको ११ वर्षपछि सर्वोच्च अदालतबाट २०८० सालमा नागरिकता दिन आदेश भयो ।

**–कुमार जोशी**
**तत्कालीन सडक बालक**

उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले नागरिकतासम्बन्धी नियमावली तत्कालै ल्याउने बताएका छन् । मिडिया एड्भोकेसी ग्रुप तथा महिला कानुन र विकास मञ्चले संयुक्त रूपमा ललितपुरमा गरेको नागरिकता ऐनको कार्यान्वयनसम्बन्धी छलफलमा उनले नियमावली आएपछि नागरिकता पाउनुपर्ने व्यक्तिलाई महिनौँसम्म कुराएर राख्ने अवस्थाको अन्त्य हुने बताए ।

'हामी तत्कालै नागरिकतासम्बन्धी नियमावली मन्त्रिपरिषद्मा पेस गर्दैछौँ, यसका लागि कानुन मन्त्रालयको राय लिन बाँकी छ, नियमावली आएपछि नागरिकता पाउनुपर्ने व्यक्तिलाई महिनौँसम्म कुराएर राख्नु पर्दैन,' मन्त्री श्रेष्ठले भने, 'अहिले अङ्गीकृत नागरिकता वितरणमा केही सरलीकृत मात्रै गरिएको छ, पहिला निस्सा चाहिनेमा अहिले स्वघोषणा गरे मात्रै पुग्ने व्यवस्था गरिएको हो, नेपाली महिलाले विदेशी पुरुषसँग विवाह गरेमा तिनका सन्तानले वंशजका आधारमा नागरिकता पाउने व्यवस्था संविधानमा छैन, संविधानमा नभएको कुरा नियमावलीबाट अपेक्षा गर्न सकिँदैन ।'

उनले नेपाली आमाका सन्तानले सहज रूपमा नागरिकता पाउने व्यवस्था अहिलेको संविधान र ऐनले गरेको बताए । गृह मन्त्रालयका सहसचिव तथा प्रवक्ता नारायणप्रसाद भट्टराईले नागरिकताले राज्यको दायित्व र नागरिकको अधिकार सिर्जना गर्ने जनाउँदै यसमा बायोमेट्रिकको व्यवस्था राख्ने हो भने सबै समस्या समाधान हुने धारणा राखे ।

'नागरिकताले राज्यको दायित्व र नागरिकको अधिकार सिर्जना गर्छ, नागरिकता लिने क्रममा बायोमेट्रिक राख्ने हो भने सबै समस्या समाधान गर्छ, हामी यो प्रक्रियालाई सुधार गरेर लैजाने छौँ,' प्रवक्ता भट्टराईले भने । उनले सङ्घसंस्थाहरूले सडक बालबालिकाको जिम्मा लिँदा वैधानिक कागजात बनाएर राख्दा धेरै सहज हुने बताए ।

गृह मन्त्रालयका उपसचिव कृष्णबहादुर कटुवालले स्थानीय तहले विदेशी वा नेपाली जो भए पनि जन्म, मृत्यु र बसाइँसराइका आधारमा घटना दर्ता गरिदिनुपर्ने बताए । उनले नागरिकता लिने क्रममा तीनपुस्ते पहिचान नखुलेकाहरूका लागि मन्त्रालयले बैंक तथा लोकसेवा आयोगलाई परिपत्र गर्नुपर्ने अवस्था रहेको बताए ।

सहभागीहरूका जिज्ञासाको जवाफ दिँदै उपसचिव कटुवालले नागरिकता वितरणका सिलसिलामा कागजातपत्र हुँदाहुँदै पनि केही प्रश्न गर्नुपर्ने बाध्यता रहेको बताए ।

महिला कानुन र विकास मञ्चका कार्यकारी निर्देशक सविन श्रेष्ठले नागरिकता ऐनमा भएको व्यवस्था तथा यसको कार्यान्वयनका विषयमा प्रस्तुतीकरण गर्दै वंशज नेपाली आमाबाट जन्मेका छोराछोरी, कतिपय एकल महिलाहरूलाई नागरिकता पाउन अझै पनि समस्या रहेको, नागरिकता वितरण निर्देशिका र नागरिकतासम्बन्धी नियमावलीमा अझै पनि पितृसत्तात्मक सोच हट्न नसकेको बताए । उनले नागरिकता वितरणमा कागजात पुग्दा वा नपुग्दा अनिश्चित समयसम्म अड्काएर राख्ने प्रचलन अन्त्य हुनुपर्ने धारणा राखे । विसं २०५६ मा सडकमा पुगेका त्यसबेलाका सडक बालक कुमार जोशीले २०५७ सालदेखि सङ्घसंस्थाको सहयोगमा बाँचेको र २०६९ सालमा नागरिकताका लागि पहल गर्दा नपाएर अदालत गएको र नागरिकताका लागि पहल गरेको ११ वर्षपछि सर्वोच्च अदालतबाट २०८० सालमा नागरिकता दिन आदेश भएको बताए ।

उनले समयमा ऐन र नियम नबन्दा आफू ३५ वर्षको उमेरसम्म नागरिकताबाट वञ्चित भएको र अब सरकारी सेवा प्रवेश गर्ने अवसरबाट वञ्चित भएको गुनासो गृहमन्त्रीसामु गरे ।

कार्यक्रममा सहभागीले नागरिकता पाए पनि तीनपुस्ते नहुँदा बैंक खाता खोल्न, लोकसेवामा फारम भर्न समस्या भएको, लैङ्गिक तथा अल्पसङ्ख्यकहरूका लागि पनि सहज र सम्मानजनक व्यवस्था हुनुपर्ने धारणा राखे । वर्तमान संविधान आएको सात वर्षपछि नेपाल नागरिकता ऐन २०६३ लाई संशोधन गर्न सङ्घीय संसद्बाट बनेको २०८० जेठ १७ गते राष्ट्रपतिद्वारा प्रमाणीकरण भएपछि नेपालभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगाना पत्ता नगालेकाहरूले पनि नागरिकता पाउने व्यवस्था कायम भएको छ । उनीहरूले १६ वर्ष पूरा भएपछि वंशजका आधारमा नेपाली नागरिकता पाउने कानुनी व्यवस्था छ ।

## सम्पादकलाई चिठी

**श्रीमान् सम्पादकज्यू**
**मधेशदृष्टि दैनिक**

मधेशदृष्टि दैनिकको मिति २०८० असार २९ गतेको दिन प्रकाशित पत्रिकामा छापिएको समाचारको शीर्षक 'नागरिकता बनाउने सिफारिसका नाममा वडा अध्यक्षहरूको लुट' भन्ने शीर्षकको समाचारको भावअनुसार जुन वडा कार्यालयमा भ्रष्टाचार भएको हो, त्यही वडाको र अध्यक्षको तस्बिर प्रकाशन हुनुपर्ने जस्तो लाग्छ । तर समाचारको शीर्षक र भावविपरीत मसँग कुनै राजनीतिक, या व्यक्तिगत रिसिबी साँध्न र बदनाम गर्ने नियतले मेरो वडा कार्यालयको मेरो तस्बि राखिएको कार्यप्रति मेरो र मेरो वडा समितिको गम्भीर ध्यानाकर्षण भएको छ । तपाईंसँग विनम्र अनुरोध छ कि यो गल्ती सच्याइदिनु दोषीमाथि कारबाही गरिदिनु होला ।

**जवाहार प्रसाद गुप्ता**
वडाध्यक्ष

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
मान तथा पद पाइएला, धार्मिक तथा सामाजिक कार्यहरु सम्पन्न होलान ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
धनधान्यको वृद्धि होला, मित्र तथा शुभचिन्तकको सहयोगले काम कार्यमा सफलता होला ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
छोराछोरीको प्रगतिबाट प्रसंशा मिल्ला, मान्यजनको सहयोग सद्भाव पाउनाले आत्मबल निकै बढ्नेछ,।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
कृषि कार्य तथा ब्यबसायबाट निकै लाभ होला, समग्रमा आजको दिन राम्रै मान्नपर्छ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
काम कार्यमा ढिलाई होला, मानसिक अशान्ति तथा फजुल खर्च होला ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
राज्यसम्बन्धी काममा भने केहि प्रतिकुल हुनसक्छ । सामाजिक तथा परोपकार सम्बन्धी कार्यहरु गरिएला।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
आजको दिन अध्ययन अध्यापन तथा धार्मिक कार्यहरु सफल होलान ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
स्वास्थ्यमा सुधार आउनेछ, बैबाहिक तथा भोजमा सहभागी भइएला ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
इस्टमित्रबाट धोका पाइनेछ, अध्ययन अध्यापनमा पनि बाधा आइपर्ला।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
माता तथा मावलितर्फबाट बिशेष सहयोग पाइनेछ, काम कार्यमा सफलता तथा सुख प्राप्त हुनेछ ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
शत्रुहरु गुप्तरुपले सक्रिय रहलान, बिनाकारण अपजस पाइएला । ब्यर्थ भ्रमण तथा व्यापार ब्यबसायमा नोक्सान होला।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आजको दिन पत्नी आज्ञाकारी हुनेछिन, दैनिक जीवनका कार्यहरु सुधार हुदै जालान ।

# मालपोतको राजस्व घट्यो

**मालपोत कार्यालय म्याग्दीका निमित्त प्रमुख कलादेवी शर्मा रिजालले अघिल्लो वर्षको तुलनामा ३६ लाख ६३ हजार नौ सय आठ रुपैयाँ कम राजस्व सङ्कलन भएको बताइन् ।**




**रासस**
**म्याग्दी ।**
जिल्ला मालपोत कार्यालय म्याग्दीको घरजग्गाको कारोबारबाट एक वर्षको अवधिमा चार करोड ६८ लाख रुपैयाँ राजस्व सङ्कलन गरेको छ । आर्थिक वर्ष २०७९/८० मा चार करोड ६८ लाख २१ हजार रुपैयाँ दुई राजस्व सङ्कलन भएको कार्यालयले जनाएको छ । मालपोत कार्यालय म्याग्दीका निमित्त प्रमुख कलादेवी शर्मा रिजालले अघिल्लो वर्षको तुलनामा ३६ लाख ६३ हजार नौ सय आठ रुपैयाँ कम राजस्व सङ्कलन भएको बताइन् ।
'स्थानीय तहले जग्गाको वर्गीकरण नगरेकाले गत आर्थिक वर्षमा कित्ताकाट भएन, यसको असर घरजग्गाको कारोबार र राजस्व सङ्कलनमा परेको छ,' उनले भनिन्, 'जग्गाको कित्ताकाट नखुल्दा घरजग्गाको कारोबार र अंशबण्डा रोकिएको छ ।'
आर्थिक वर्ष २०७८/७९ मा पाँच करोड चार लाख ८४ हजार ९ सय १० रुपैयाँ, २०७७/७८ पाँच करोड ११ लाख तीन हजार ६ सय र २०७६/७७ मा तीन करोड २९ लाख ४३ हजार ८ सय ६ रुपैयाँ राजस्व सङ्कलन भएको थियो । घरजग्गाको रजिस्टे«शनबाट दुई करोड ४३ हजार आठ सय १६ रुपैयाँ, न्यायिक दस्तुर दण्डजरिवाना र जफत शीर्षकमा १२ लाख ३८ हजार चार सय २० रुपैयाँ, सेवा शुल्क/अन्य प्रशासनिक दस्तुरमा ६६ लाख ५२ हजार सात सय रुपैयाँ, रोक्का दस्तुर÷घर कायमबाट ८२ हजार दुई सय रुपैयाँ र पुँजीगत लाभकर एक करोड ८८ लाख तीन हजार आठ सय ६६ रुपैयाँ राजस्व सङ्कलन भएको छ ।
रजिष्ट्रेसन शुल्क अन्तर्गतको राजस्व रकममध्ये ४० प्रतिशत प्रदेश सरकार र ६० प्रतिशत सम्बन्धित स्थानीय सरकारलाई उपलब्ध गराइएको छ । रजिष्ट्रेसनतर्फ ग्रामीणको पाँच सय ३३ र सहरीको दुई सय ११ गरी कूल सात सय ४४ लिखत पारित भएको छ ।
मुद्दा शाखामा तीन सय ८८ नामसारी, १५ संशोधन र ६८ वटा स्रेस्ता कायमसहित पाँच सय ५६ मुद्दा दर्ता भएकामा चार सय ९८ को फछ्र्यौट भएको छ । गतवर्ष दुई सय ४३ महिला र २७ दलितको नाममा घरजग्गा रजिष्ट्रेसन गरेबापत छुट पाएका छन् । महिलाले २५ लाख ४१ हजार एक सय ४१ रुपैयाँ र दलितले एक लाख ६३ हजार तीन सय रुपैयाँ बराबरको छुट पाएका हुन् ।
बीस सरकारी निकायले सात लाख ३२ हजार छ सय ६८ रुपैयाँ र तीन विद्यालयले १९ हजार पाँच ४० रुपैयाँ छुट पाएका छन् । बेनी नगरपालिकाले मात्र म्याग्दीमा जग्गाको वर्गीकरण गरेको छ । अन्य पाँच स्थानीय तहले जग्गाको वर्गीकरण गरेका छैनन् । स्थानीय तहले जग्गाको वर्गीकरण नगर्दा गत आर्थिक वर्षदेखि अंशबन्दा र घरजग्गाको कारोबार रोकिएको छ ।

# विभागको 'अनलाइन'सेवा अवरुद्ध




**रासस**
**काठमाडौँ ।**
वैदेशिक रोजगार विभागको 'अनलाइन' सेवा अवरुद्ध भएको छ ।
विभागको 'एफइआइएमएस' प्रणालीको फाइल सर्भर माइग्रेट गर्नुपर्ने भएकाले मङ्गलबारदेखि सेवा अवरुद्ध भएको विभागका सूचना अधिकारी तथा निर्देशक कविराज उप्रेतीले जानकारी दिए ।
उनका अनुसार अवरुद्ध भएको अनलाइन सेवा शुक्रबारसम्म सञ्चालन हुने छ ।
प्रणालीमा 'फाइनल अपलोड' नहुने गरी सेवा अवरुद्ध भएको हो । अहिले अनलाइनबाट श्रम स्वीकृतिका लागि आवेदन दिन नमिल्ने भएको विभागले जनाएको छ ।
यसअघि नै अपलोड भएका कागजात भने हेर्न र परिवर्तन गर्न सकिने भएको सूचना अधिकारी तथा निर्देशक उप्रेतीले बताए ।

# नेप्से ४१.०६ अङ्कको वृद्धि


**रासस**
**काठमाडौँ ।**
यो साता कारोबारको लगातार तीन दिनसम्म ओरालो लागेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा चौथो दिन भने उच्च अङ्कमा वृद्धि देखिएको छ । आज नेप्से परिसूचक ४१ दशमलव ०६ अङ्कले बढेर दुई हजार ६० दशमलव ९१ बिन्दुमा कायम भएको हो ।
आज दुई सय ६५ कम्पनीको ५० लाख १० हजार सात सय १८ कित्ता शेयर ७७ हजार पाँच सय एक पटक खरिदबिक्री हुँदा एक अर्ब ८८ करोड ८३ लाख २६ हजार चार सय ६९ रुपैयाँ बराबरको कारोबार भएको छ ।
म्युचुअल फन्ड शून्य दशमलव ०६ अङ्कले घटेको छ भने बाँकी सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै जीवन बीमा समूह तीन सय ४६ दशमलव ७४ र निर्जीवन बीमा समूह तीन सय १० दशमलव ५२ अङ्कले बढेको छ । बैंकिङ समूह १२ दशमलव १९, विकास बैंक ९४ दशमलव ८५, वित्त ५८ दशमलव ६४, होटल तथा पर्यटन एक सय ८८ दशमलव ५०, जलविद्युत् ६२ दशमलव ४१ र लगानी समूह एक दशमलव २२ अङ्कले बढेको छ । त्यसैगरी उत्पादन तथा प्रशोधन समूह ८५ दशमलव ८७, लघुवित्त ५२ दशमलव २३, व्यापार एक सय दशमलव ७६ र अन्य समूह ४४ दशमलव २७ अङ्कले बढेको छ ।
हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ८३ प्रतिशतले बढेको छ भने सबैभन्दा धेरै घट्नेमा सेन्चुरी डिबेन्चर–२०८८ को शेयर मूल्य नौ दशमलव ९९ प्रतिशतले घटेको छ ।
कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा धेरै आइएमई लाइफ इन्सुरेन्स कम्पनी लिमिटेडको १५ करोड ५० लाख २६ हजार दुई सय दुई रुपैयाँ बराबरको दुई लाख ६६ हजार आठ सय १८ कित्ता शेयर किनबेच भएको छ ।

# दश हजार मेट्रिक टन सुपारी उत्पादन



**चन्द्रकला भण्डारी**
**झापा ।**
धान र चिया उत्पादनका लागि प्रसिद्ध झापा महत्वपूर्ण नगदे कृषि बाली 'सुपारी'को उर्वर जिल्लाका रूपमासमेत चिनिएको छ ।
धार्मिक कार्यमा न्वारान र विवाहदेखि मृत्यु संस्कारसम्म नभइ नहुने सुपारीलाई औषधीय गुणयुक्त मानिन्छ । हिन्दू धर्ममा सुपारीको दानालाई गणेशका रूपमा पूजा गरिने चलन छ । यसको दानालाई फरक स्वादका लागि पानको पातसँग मुखमा चपाउने र पाहुनाको स्वागत गर्ने खाद्य वस्तुका रूपमा धेरै मानिसले प्रयोग गर्दै आएका छन् ।
यसको पातबाट वातावरणमैत्री थाल तथा बटुकासमेत उत्पादन हुने गरेको छ । वर्षौं देखि जिल्लामा सुपारीको खेती हुँदै आए पनि यसको खेतीले व्यावसायिकस्वरुप धारण गरेको भने धेरै भएको छैन । अरु बालीभन्दा कम लागतमा बढी आम्दानी पाइने भएकाले किसान धान र अन्य बालीको साटो सुपारी खेतीमा आकर्षित हुन थालेका छन् । कोशी प्रदेशको उद्योग, कृषि तथा सहकारी मन्त्रालयको तथ्याङ्क अनुसार सुपारीको व्यावसायिक खेती झापासहित कोशीका चार जिल्लामा हुने गरेको छ । सुनसरी, मोरङ र उदयपुरमा पनि यसको व्यावसायिक खेती हुने गरेको छ ।
मन्त्रालयका कृषि विज्ञ अभिमन्यू अधिकारीका अनुसार कोशी प्रदेशको कूल सुपारी उत्पादनमध्ये दुई तिहाइभन्दा बढी सुपारी झापामै उत्पादन हुने गरेको छ । त्यही कारण झापालाई सुपारीको राजधानी तथा उर्वरभूमि पनि भन्ने गरिन्छ । झापा, मोरङ, सुनसरी, उदयपुर र इलामको कुल चार हजार ५४ हेक्टरमा सुपारीको व्यावसायिक खेती हुँदै आएको छ । आर्थिक वर्ष २०७९÷८० मा कोशी प्रदेशमा १४ हजार पाँच सय ६१ मेट्रिक टन सुपारी उत्पादन भएको मन्त्रालयले जनाएको छ ।
झापामा दुई हजार सात सय ७० हेक्टरमा सुपारीखेती हुँदै आएको छ । झापामा आव २०७९÷८० मा १० हजार तीन सय ७० मेट्रिक टन सुपारी उत्पादन भएको छ । झापामा सुपारी खेतीको विस्तार पनि तीव्र रूपमा भइरहेको छ । जिल्लाका १५ वटै पालिकामा किसानले सुपारीको व्यावसायिक खेती गर्दै आएको सुपारी खेतीका अभियन्ता एवम् सुपारी जोनका पूर्व अध्यक्ष नीलकण्ठ तिवारी बताउनुहुन्छ । सुपारीको पातदेखि खोस्टासमेत बिक्री हुन थालेपछि यसप्रति किसानको आकर्षण बढेको उनको भनाइ छ ।
झापामा सुपारीको खोस्टाबाट प्लेट, बटुका, चम्चालगायतका सामान बनाउने ठूला साना गरी आधादर्जन उद्योग सञ्चालनमा रहेका छन् । सुपारीका पातबाट निर्मित सामान यूरोपसम्म निर्यात हुने गरेको छ ।
झापापछि मोरङमा सबैभन्दा बढी सुपारी खेती र उत्पादन हुँदै आएको छ । मोरङको नौ सय पाँच हेक्टरमा सुपारीको खेती हुँदै आएको छ । गत आवमा मोरङमा दुई हजार नौ सय ४६ मेट्रिक टन सुपारी उत्पादन भएको थियो ।
यसैगरी इलाममा गत आवमा दुई सय नौ हेक्टरमा सुपारी खेती भएकामा छ सय १० मेट्रिक टन उत्पादन भएको थियो भने सुनसरीको एक सय ३५ हेक्टरमा खेती हुँदा पाँच सय २५ मेट्रिक टन सुपारी उत्पादन भएको मन्त्रालयले जनाएको छ ।
उदयपुरको ३५ हेक्टरमा सुपारी खेती भएको र गत आवमा एक सय नौ मेट्रिक टन सुपारी उत्पादन भएको पाइएको छ ।
सरकारले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगत झापामा सुपारी जोन सञ्चालन भएको उनले बताए । जोन घोषणा भएसँगै सुपारी किसानलाई खेती विस्तार, बिरुवा उत्पादन, कृषि औजार, भण्डारण, सुपारी प्रशोधन लगायतका लागि परियोजनाले ५० देखि ७५ प्रतिशतसम्म अनुदानमा विभिन्न औजार दिने गरेको छ ।
झापाको पूर्व–पश्चिम राजमार्गको उत्तरी क्षेत्रमा सुपारी खेतीका लागि अनुकूल माटो रहेको छ । बाहुनडाँगी, बुधबारे, शनिश्चरेमा जताततै सुपारीका मनमोहन बगान देख्न सकिन्छ । पछिल्लो समय सुपारी खेती विस्तार गर्ने लहर नै चलेको छ । 'कम लगानीमा बढी आम्दानी हुने भएकाले सुपारी खेतीतर्फ किसानको आकर्षण बढेको हो,' सुपारी जोनका पूर्व अध्यक्ष तिवारी भने, 'जङ्गली हात्तीले अरु बाली खाएर नष्ट गरेपछि सुरक्षित बालीका रूपमा हात्तीपीडित क्षेत्रका बासिन्दाले सुपारी खेती विस्तार गर्न बाध्य भएका पनि छन् ।'
एकपटक लगाएपछि पुस्तौँसम्म दीर्घकालीन आम्दानीको स्रोत बन्ने र पातदेखि फलसमेत बोटबाटै बिक्री हुने गरेको उनले बताए । उनले जङ्गली हात्तीले सुपारी बालीलाई कम क्षति गरेको पाइएको बताए । स्वदेशमा सुपारी खेती विस्तारसँगै यसबाट लाभान्वित किसानको सङ्ख्या बढ्दै गएको छ । मेचीनगर नगरपालिका–४ का राजेन्द्र मिश्रले धान खेती मासेर अढाइ बिघामा सुपारी खेती गर्नुभएको छ । सुपारीबाट प्रति बिघा वार्षिक तीन लाख रुपैयाँ आम्दानी हुने गरेको उनले बताए ।
सुपारी बारीभित्रै तोरी, फिलुङ्गे, आलस, कागती, बेसार र अदुवाको खेती पनि गर्न सकिने उनको भनाइ छ । बहुवर्षे बाली भएकाले एकै वर्षमा एउटा बोटबाट ५० किलोसम्म सुपारी फलाउन सकिन्छ ।
स्वदेशमा खेती र उत्पादनको प्रचुर सम्भावना भए पनि तेस्रो मुलुकबाट आयातित सुपारीको तस्करी धन्दाका कारण स्थानीय किसान मारमा परेका छन् । सरकारले तोकेको भारत निकासी कोटामा विदेशी सुपारी मिसाउने धन्धाका कारण स्वदेशी सुपारीको बजार अन्योल र विवादमा पर्ने गरेको किसानको गुनासो छ ।

# निर्माणाधिन सित्खा सिँचाइ आयोजना अलपत्र



**रासस**
**रामेछाप ।**
सित्खा फाँटमा निर्माणाधीन सुनकोसी–सित्खा लिफ्ट सिँचाइ आयोजनाको काम अलपत्र परेको छ ।
बागमती प्रदेश सरकारले जलस्रोत तथा सिँचाइ विकास डिभिजन रामेछापमार्फत सिँचाइ पु¥याउने उद्देश्यले आयोजना कार्यान्वयनमा ल्याएको थियो ।
विसं २०७७ पुस मसान्तसम्म निर्माण सम्पन्न गर्ने गरी उदयपुरको राम्चे सिद्धगढी निर्माण सेवासँग विसं २०७५ असार २९ गते भएको सम्झौता भएको थियो ।
निर्माण व्यवसायीले सिँचाइ आयोजनाका लागि एक करोड २९ लाख दुई हजार चार सय ४८ रुपैयाँमा सम्झौता गरेकामा ८३ लाख १७ हजार चार सय ३३ रुपैयाँ भुक्तानी भइसकेको छ । हालसम्म ६५ प्रतिशत मात्रै भौतिक प्रगति भएको आयोजना कार्यालयले जनाएको छ ।
रामेछापको खाँडादेवी गाउँपालिका–३ भिरपानीस्थित सित्खामा सुनकोसी नदी नजिकै भए पनि लामो समयदेखि फाँट सुक्खा छ ।
सुनकोसी–तामाकोसी नदी आसपासका स्थानीय निर्माणाधीन आयोजना अलपत्र बनेपछि चिन्तित छन् । बाह्रै महिना अन्न फलाउने योजना बनाएका स्थानीयले सिँचाइ अभावका कारण धान, मकै लगाउन पाएका छैनन् ।
आयोजना निर्माणस्थल नजिक पानी सङ्कलनका लागि बनाइएका कृत्रिम पोखरी पनि पानी नभएर सु्केका छन् । नदीबाट पोखरीसम्म पु¥याइएका पाइप लाइन पनि बिग्रिएका र अलपत्र अवस्थामा छन् ।
स्थानीय कृष्णगोपाल श्रेष्ठले भने, 'कहिले होला यो फाँटमा सिँचाइ हुने ?' नदीको पानी लिफ्टमार्फत फाँटभन्दा माथि लगेर सिँचाइ गर्ने आयोजना कार्यान्वयनमा आएको पनि छ वर्ष भइसकेको उनले बताए । 'पानी आउँला र खेती गरौँला भन्ने आशा मारिसकियो,' उनले निराशा पोखे, 'चार वर्ष भयो, कोही फर्केर आएको छैन, के बन्ला र आयोजना ?'
जलस्रोत तथा सिँचाइ विकास डिभिजन रामेछापका अनुसार सिँचाइ आयोजनाको ठेक्का लिएको निर्माण कम्पनीले काम बीचमै छाडेपछि अलपत्र बनेको छ । सम्झौताबमोजिम बाँकी काम गर्न बारम्बार पत्राचार गर्दा पनि निर्माण व्यवसायी सम्पर्कमा नआएकाले सम्झौता रद्ध गरी विसं २०७७ कात्तिक २६ गते सार्वजनिक खरिद एकाइको कालोसूचीमा निर्माण कम्पनीलाई राखिएको कार्यालयका इन्जिनियर दिवाकर मण्डलले जानकारी दिए । उनका अनुसार निर्माण व्यवसायीले कार्यालयले गरेको ठेक्का रद्द र कालोसूचीको निर्णय विरुद्ध अदालत गएकाले आयोजनाको बाँकी काम अन्योल बनेको हो ।
'अदालतमा विचाराधीन अवस्थामा मुद्दा रहेकाले बाँकी काम गर्न अर्को ठेक्का बन्दोबस्त गर्न सकेका छैनौँ,' मण्डलले भने, 'फैसला के आउँछ, त्यसपछि योजना कसरी सम्पन्न गर्ने भन्ने विषयमा टुङ्गोमा पुगिएला ।' उनले आयोजनाका लागि प्रदेश सरकारले हरेक वर्ष कार्यक्रम राख्दै आएको भए पनि मुद्दाकै कारण काम हुन नसकेको बताए ।
निर्माण व्यवसायीले समयमा काम पनि नगर्ने कार्यालयको निर्णयविरुद्ध मुद्दा हालेर थप सास्ती दिइरहेको स्थानीय कृष्णबहादुर केसीले बताए । 'आफू पनि काम नगर्ने अनि अर्कोलाई बाटो छेक्ने गरिरहेको छ,' उनले भने, 'सिँचाइ आयोजना अलपत्र हुँदा हाम्रो खेतमा चिरा परेको छ । मकै सुके, धान रोप्न अझै पाएइएको छैन । वर्षौँदेखिको सपना चकनाचुर भएको छ ।' मुद्दा जितिहाले पनि निर्माण व्यवसायीलाई आयोजनाको काममा स्थानीयले सहयोग नगर्ने केसीको भनाइ थियो ।

# विद्युत विस्तारमा गुणात्मक फड्कोः ९८ प्रतिशत घरधुरीमा पुग्यो स्वच्छ ऊर्जाको पहुँच

**रासस**
**काठमाडौँ ।**
सरकारको स्पष्ट दृष्टिकोण तथा लगानीका कारण मुलुकभित्र विद्युत् विस्तार र स्वच्छ ऊर्जाको पहुँचमा उल्लेखनीय प्रगति भएको छ ।
आर्थिक वर्ष २०६२/६३ मा कूल विद्युत्को पहुँच २४ प्रतिशत बराबर रहेकामा आव २०७९÷८० को अन्त्यसम्म आइपुग्दा ९८ प्रतिशत घरधुरीमा स्वच्छ ऊर्जाको पहुँच पुगेको छ । आव २०६२÷६३ मा १२ लाख ८० हजार विद्युत्का ग्राहक रहेकामा हाल त्यो बढेर ७५ लाख बराबर पुगेको छ ।
आव २०७९/८० को अन्त्यसम्ममा मुलुकको कूल ९८ प्रतिशत घरधुरीमा स्वच्छ ऊर्जाको पहुँच पुगेको छ । त्यसमा प्राधिकरणको हिस्सा ९५ दशमलव शून्य तीन प्रतिशत बराबर रहेको छ । यस्तै वैकल्पिक ऊर्जाका विभिन्न स्रोतमार्फत करिब तीन प्रतिशत घरधुरीमा स्वच्छ ऊर्जा उपलब्ध भएको छ ।
सबै नेपाली नागरिकका घरधुरीमा स्वच्छ ऊर्जाको पहुँच पु¥याउने सरकारको योजना क्रमशः सफलताको क्रममा पुगेको पाइएको छ । ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयमा आज आयोजित मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा प्रस्तुत भएको विवरणअनुसार भरपर्दो स्रोतको प्रबन्ध भएको अवस्थामा दुई वर्षभित्र सबै नेपालीलाई स्वच्छ ऊर्जा उपलब्ध गराउने सरकारको योजना पूरा हुनेछ ।
सरकारले कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लालाई केन्द्रमा राखेर थप बजेट विनियोजन गरेको छ । यस्तै सो कामका लागि अन्तर्राष्ट्रिय दातृ निकायबाट सहयोगसमेत सहयोग उपलब्ध भएको छ ।
नेपाल विद्युत् प्राधिकरणका अनुसार कूल ४२ जिल्ला पूर्णरुपमा विद्युतीकरण भएको छ । यस्तै कूल चार सय ९३ स्थानीय तह पूर्ण विद्युतीकरण हुँदा दुई सय ३१ स्थानीय तह आंशिकरुपमा विद्युतीकरण भएको छ । त्यस्तै, २९ स्थानीय तह हालसम्म पनि विद्युत्को पहुँचभन्दा बाहिर छन् । मुगु र हुम्लाबाहेकका ७५ जिल्लामा केन्द्रीय प्रणाली विस्तार भएको छ । आगामी दुई वर्षभित्र मुलुकभर केन्द्रीय प्रणालीबाट विद्युतीकरणका गर्न रु ५० अर्ब बराबरको विद्युतीकरणको कार्य अगाडि बढाइएको छ ।
प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङका अनुसार, प्राविधिक कर्मचारीको अभावमा कार्यसम्पादन गर्न समस्या परेको छ । देशव्यापीरुपमा प्रसारण तथा वितरण प्रणाली पुगेको, सवस्टेसनको सङ्ख्यामा बढोत्तरी भएको तथा ५७ लाख ग्राहकलाई सहजरुपमा सेवा प्रदान गर्न प्राविधिक कर्मचारी भर्ना गर्ने प्रक्रियामा सहजीकरण गरिदिन उनले आग्रह गरे । उनले प्राविधिक जनशक्तिको भयावहरुपमा बढेको विदेश पलायन रोक्न पनि प्राविधिक कर्मचारी भर्ना गर्नुपर्ने बताए ।
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक नवराज ढकालले दूरदराजका ग्रामीण क्षेत्रमा काम गर्ने जनशक्तिको अभाव रहेको बताए । उनले आगामी दुई वर्षमा सबै नेपाली नागरिकलाई स्वच्छ ऊर्जाको पहुँच पु¥याउने लक्ष्य पूरा गर्नका लागि पनि बजेट र जनशक्ति आवश्यक रहेको उल्लेख गरे ।
मन्त्रालयका सहसचिव मधु भेटुवालका अनुसार आव २०७९÷८० मा कूल सात सय ३५ मेगावाट बिजुली प्रणालीमा थप गर्ने लक्ष्य राखिएको भए पनि पाँच सय मेगावाटको हाराहारीमा थप भएको छ । यस्तै प्रतिव्यक्ति विद्युत् खपत तीन सय ८० किलोवाट घण्टा बराबर पुगेको उनले जानकारी दिनुभयो ।
यस्तै, विद्युत् चुहावट १३ दशमलव ४६ प्रतिशत बराबर रहेको थियो । गत आवमा १५ दशमलव ३८ प्रतिशत बराबरको चुहावट रहेकामा त्यसलाई उल्लेख्यरुपमा घटाउन सकिएको उनले जानकारी दिए । यस्तै, नेपाल विद्युत् प्राधिकरणले देशव्यापीरुपमा ५० वटा चार्जिङ स्टेसन निर्माण गर्ने भनेकामा हालसम्म ४८ वटा निर्माण सम्पन्न भई सञ्चालनमा आएको र अब मात्रै दुई वटा निर्माण सम्पन्न हुन बाँकी रहेको छ ।
मुलुकको ऊर्जा क्षेत्रको विकासका गुणात्मक सुधार भएको तथा आगामी दिनमा नीतिगत तथा कार्यक्रम तयार पार्दा दीर्घकालीन सोचका साथ प्रक्रिया अगाडि बढाइएको सहसचिव भेटुवालको भनाइ छ ।




भारत, जबलपुरमा हिन्दू देवता गणेशको पर्यावरण–मैत्री मूर्तिकला बनाइँदै । तस्विरः उमा शंकर मिश्रा


# बाइडेनले भियतनाम भ्रमण गर्ने

**एएफपी**
**वासिङ्टन ।**
अमेरिकी राष्ट्रपति जो बाइडेनले भियतनामको हनोईसँगको सम्बन्ध सुधारगर्ने प्रयासअन्तर्गत आफू छिट्टै भियतनाम जाने बताएका छन् ।

न्यू मेक्सिकोमा एक सम्बोधनमा बाइडेनले भने, 'म चाँडै नै भियतनाम जाँदैछु । भियतनाम हाम्रो सम्बन्ध परिवर्तन गर्न र साझेदार बन्न चाहन्छ ।'

'हामी आफैँलाई गतिशीलता परिवर्तन गर्ने यस्तो स्थितिमा पाउँछौं, जहाँ (संसारभरि) यी सबै परिवर्तनहरू एक मौका र समयमा भइरहेको छ,' उनले भने ।

संयुक्त राज्य अमेरिका र भियतनामबीच घनिष्ठ व्यापारिक सम्बन्ध रहेको छ भने दुवै देशले यस क्षेत्रमा चीनको बढ्दो शक्तिप्रति चिन्ता व्यक्त गरेका छन् । दक्षिण चीन सागरमा चीनको व्यापक सामुद्रिक दाबीलाई लिएर बेइजिङ र दक्षिणपूर्वी एसियाली राष्ट्रहरू, विशेष गरी भियतनाम र फिलिपिन्सबीच वर्षौंदेखि द्वन्द्व बढ्दै गएको छ ।



गत अप्रिलमा अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन जापानमा भएको जी–सेभेनका विदेशमन्त्रीहरूको बैठकमा भाग लिन जाने क्रममा हनोईको भ्रमण गरेको वेला वासिङ्टन र हनोईले कूटनीतिक सम्बन्ध सुधारगर्ने प्रतिबद्धता जनाएका थिए ।

भियतनामी नेताहरूसँगको भ्रमणका क्रममा ब्लिन्केनले भनेका थियो, 'हाम्रो वर्तमान साझेदारीलाई अझ बलियो बनाउने यो शुभ समय हो भन्ने हामीलाई लाग्छ ।'

'हामीसँग विगत १० वर्षदेखि यो व्यापक साझेदारी छ जसले धेरै विभिन्न क्षेत्रमा सहयोगको अविश्वसनीय रूपमा बलियो जग सिर्जना गरेको छ । फलस्वरूप, यो अझ अगाडि बढ्न राम्रो क्षण हो भन्ने हामी (अमेरिका)लाई लाग्छ ।' यद्यपि, वासिङ्टनले भियतनामको मानव अधिकारको चिन्तालाई लिएर आपत्ति जनाएको छ । 'भियतनामी जनताको पूर्ण क्षमतालाई उजागर गर्न मानव अधिकारमा भविष्यको प्रगति कसरी आवश्यक छ भन्ने कुरामा जोड दिनु जरूरी छ,' ब्लिन्केनले भने । चीन र भियतनामबीचको लामो समयदेखिको तनावको केन्द्र दक्षिण चीन सागरलाई सजिलै अत्यन्तै खतरनाक हुनसक्ने ठाउँको रूपमा हेरिन्छ । गलत अनुमान वा दुर्घटनाले सैन्य द्वन्द्व लाई उर्जा दिनसक्छ भन्ने धेरैलाई डर छ ।

विश्लेषकहरूका अनुसार दक्षिण चीन सागरमा प्रतिद्वन्द्वीको दाबीका बावजुद महत्वपूर्ण आर्थिक साझेदार बेइजिङलाई चिढ्याउने गरी वासिङ्टनसँग सम्बन्ध सुधा गर्न हनोई बढी अनिच्छुक पनि हुन सक्छ । अमेरिकाको पानीमाथि कुनै क्षेत्रीय दाबी छैन, तर उसले बेइजिङलाई क्रोधित पार्दै त्यहाँ गस्ती गरिरहेको छ । वासिङ्टनले समुद्रमा 'नेभिगेसनको स्वतन्त्रता', जसबाट वार्षिक खरबौँ डलरको व्यापार हुन्छ, सुनिश्चित गर्न यस्तो कदम चालेको बताएको छ ।

संयुक्त राज्य अमेरिकाले हालैका महिनाहरूमा चीनसँग सम्बन्ध सुधार गर्ने प्रयास पनि गरेको छ । यसै क्रममा ब्लिन्केनले जूनमा चीन भ्रमण गरेका थिए । यद्यपि, सन् २०२३ को सुरूमा एक कथित चिनियाँ जासूसी बेलुनलाई अमेरिकी युद्धक विमानले गोली हानेर खसालेपछि ब्लिन्केनको अङ्ग्रेजी वर्षको प्ररम्भमा तय भइसकेको भ्रमण रद्द भएको थियो ।

# पाकिस्तानमा अन्तरिम सरकार गठनको तयारी

यो निर्वाचनको महत्व छ किनकि यसले नयाँ सरकारको लागि पाँच वर्षको कार्यकालको निर्णय दिनेछ । निर्वाचनबाट आउने शक्तिलाई आदर्श रुपमा आर्थिक पुनरुत्थानको लागि महत्वपूर्ण निर्णयहरु गर्न अधिकार दिइनु पर्दछ ।



**सिन्ह्वा**
**इस्लामाबाद ।**
पाकिस्तानको संसद बुधबार विघटन हुने भएको छ । संसदको विघटनले देशको सबैभन्दा लोकप्रिय राजनीतिज्ञ इमरान खानलाई समावेश नगर्ने निर्वाचनको पर्यवेक्षण गर्न कर्मचारीको नेतृत्वमा अन्तरिम सरकार गठन गरेको छ । गतवर्षको अप्रिलमा पूर्व अन्तर्राष्ट्रिय क्रिकेट स्टारलाई सत्ताबाट हटाइएपछि देश राजनीतिक उथलपुथलमा परेको छ । उनको पार्टीमाथि एक महिना लामो दमनपछि सप्ताहन्तमा उनी भ्रष्टाचारको अभियोगमा जेलमा छन् ।

संसद् विघटन भएको ९० दिनभित्र निर्वाचन गरिसक्नुपर्ने कानुनी व्यवस्था भए पनि निवर्तमान सरकारले भने ढिला हुन सक्ने सङ्केत दिइसकेको छ ।

खानको सत्ताच्युत गर्न एकजुट भएका देशका पुराना पार्टीबीचको असम्भाव्य गठबन्धनले विश्वको पाँचौं ठूलो जनसंख्या भएको देशको नेतृत्व सम्हालेको १८ महिनाको अवधिमा खासै जनसमर्थन प्राप्त गर्न सकेको छैन । अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) को नयाँ राहत, विदेशी ऋण, बढ्दो मुद्रास्फीति र कच्चा पदार्थ किन्न विदेशी मुद्राको अभावका कारण कारखानामा व्यापक बेरोजगारी हुँदा अर्थतन्त्र थप अस्तव्यस्त बनेको छ ।

'पाकिस्तान इन्स्टिच्युट अफ लेजिस्लेटिभ डेभलपमेन्ट एन्ड ट्रान्सपरेन्सी थिंक ट्यांक'का अध्यक्ष अहमद बिलाल महबूबले नयाँ आर्थिक राजनीतिक परिवेशबारे भने, 'आर्थिक निर्णयहरू सधैँ कठिन र प्रायः अलोकप्रिय हुन्छन्, त्यसैले तिनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न लामो कार्यकाल भएको सरकार चाहिन्छ ।'

सुरक्षा, आर्थिक र राजनीतिक सङ्कटको सामना गरिरहेको मुलुकलाई स्थायित्व दिन र निर्वाचनमा जान ढिलाइ हुन सक्ने अनुमान पाकिस्तानी राजनीतिकबारे जानकार विश्लेषकहरूले गरेका छन् ।

# चिनियाँ उपभोक्ता मूल्यमा गिरावट

**एएफपी**
**बेइजिङ ।**
चीनको उपभोक्ता मूल्यमा दुई वर्षभन्दा बढी समयपछि पहिलोपटक गत महिना सङ्कुचन आएको सरकारी तथ्याङ्कले बुधबार देखाएको छ । मुद्रास्फीतिको मुख्य मापन गर्ने उपभोक्ता मूल्य सूचकाङ्क जुलाईमा ०.३ ले घटेको राष्ट्रिय तथ्याङ्क विभागले जनाएको छ । ब्लुमबर्गले गरेको सर्वेक्षणमा विश्लेषकहरूले ०.४ प्रतिशतले गिरावट आउने अनुमान गरेका थिए । चिनियाँ उत्पादनको विश्वव्यापी माग घट्दै जाँदा गत महिना चीनको निर्यात तीन वर्षयताकै सबैभन्दा तीव्र गतिमा घटेको समाचार सार्वजनिक भएको एक दिनपछि यो आँकडा सार्वजनिक भएको हो । कमजोर आन्तरिक मागका कारण आयात पनि लगातार नवौं महिना घटेको छ । वस्तुको मूल्यमा आएको गिरावट क्रयशक्तिका लागि फाइदाजनक देखिए तापनि अपस्फीतिले अर्थतन्त्रका लागि व्यापक खतरा उत्पन्न गर्छ किनभने उपभोक्ताहरू थप कटौतीको आशामा खरीद स्थगित गर्छन् । मागको कमीले कम्पनीहरूलाई उत्पादन घटाउन, रोजगारी कम गर्न वा रोक्न र कामदारहरूलाई हटाउन बाध्य पार्छ, साथै उनीहरूको भण्डार बेच्न नयाँ छुट दिन तयार हुन्छ । लागत समान हुँदाहुँदै पनि लाभप्रदतामा तौल गर्दछ ।

चीनले सन् २०२० को अन्त्य र सन् २०२१ को सुरुमा छोटो अवधिको अपस्फीतिको अनुभव गरेको थियो, जसको मुख्य कारण सुँगुरको मासुको मूल्यमा गिरावट आएको थियो । चीनमा सबैभन्दा बढी खपत हुने सुँगुरको मासु हो ।

# बैजनाथपुरमा क्रिकेट रङ्गशाला बन्छः मन्त्री

**रासस**
**विराटनगर ।**
युवा तथा खेलकुदमन्त्री डिगबहादुर लिम्बूले विराटनगरको बैजनाथपुरमा रहेको गिरिजाप्रसाद कोइराला क्रिकेट रङ्गशाला निर्माण हुने कुरामा विश्वस्त रहन आग्रह गरेका छन् ।

विराटनगर विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै उनले अहिले रङ्गशालाका निम्ति तीन करोड रुपैयाँ बजेट विनियोजन भएको र यसको डिपिआर तयार भइसकेपछि दुई अर्ब रुपैयाँ लागतमा दुई वर्षभित्र अत्याधुनिक रङ्गशाला निर्माण हुने बताए ।



पूर्वप्रधानमन्त्री तथा प्रजातान्त्रिक आन्दोलनका योद्धा गिरिजाप्रसाद कोइरालाको नाममा बन्न लागेको रङ्गशालामा बजेट थोरै भयो भनेर आलोचना नगर्न आग्रह गर्दै मन्त्री लिम्बूले रङ्गशालामा लाग्ने बजेट विनियोजन हुने र रंगशाला बन्ने बताए ।

मन्त्री लिम्बूले भने, 'क्रिकेट मैदान, स्वीमिङ पुल, कभर्डहल, फुटबल मैदानसमेत निर्माण गर्ने भएकाले बैजनाथपुरको रङ्गशाला खास किसिमको हुने छ ।' मन्त्री लिम्बूले बैजनाथपुरमा रङ्गशाला बन्दा त्यो क्षेत्रका मानिसको रोजगारी बढ्ने र जमिनको मूल्य बढ्नाका साथै मानिसको जीवन स्तरमा पनि सुधार आउने बताए । चीनमा हुने एसियाली खेलकुदमा भाग लिन नेपाली खेलाडीहरू प्रशिक्षणमा रहेको र सबैले आशा गरे जस्तै आफूले पनि त्यहाँबाट खेलाडीले पदक जित्ने विश्वास व्यक्त गरे ।

# सामूहिक बलात्कार आरोपमा पाँच जनालाई फाँसी

**एएफपी**
**तेहरान ।**
इरानको उत्तरपश्चिम क्षेत्रमा गत वर्ष एक महिलामाथि सामूहिक बलात्कार गरेको अभियोगमा पाँच जनालाई बुधबार मृत्युदण्ड दिइएको इरानको न्यायपालिकाले जनाएको छ ।

'मे २०२२ मा मारान्ड सहरमा महिलालाई अपहरण गरी बलात्कार गर्ने पाँच जनालाई मृत्युदण्ड दिइएको छ,' न्यायपालिकाको मिजान अनलाइनले घोषणा गरेको छ ।

पूर्वी अजरबैजान प्रान्तमा भएको सामूहिक बलात्कारको चार दिनपछि पक्राउ परेका ती व्यक्ति अन्य अपराधमा पनि सम्लग्न रहेको मिजानले बताएको छ । गत महिना पनि इरानले नक्कली कस्मेटिक सर्जरी क्लिनिकमा उपचारको प्रलोभन देखाएर अर्धचेत अवस्थामा बलात्कार गरेको अभियोगमा तीन जनालाई मृत्युदण्ड दिएको थियो । उनीहरूलाई सन् २०२१ को अन्त्यतिर दक्षिणी प्रान्त होर्मोज्गानमा यौन दुव्र्यवहारका थुप्रै घटनामा सहभागी रहेको अभियोगमा दोषी ठहर गरिएको मिजानले जनाएको छ । मानव अधिकारवादी समूह एम्नेस्टी इन्टरनेसनलका अनुसार इरानले एकाध बाहेक अन्य मुलुकको तुलनामा बढी मानिसलाई मृत्युदण्ड दिने गरेको छ । इरानमा गत वर्ष कम्तीमा ५ सय ८२ जनालाई फाँसी दिइएको थियो ।

एम्नेस्टीका अनुसार, इरानका अधिकारीले 'सबै अपराधका लागि मृत्युदण्डको सङ्ख्या'मा उल्लेखनीय वृद्धि गरेका छन् र सन् २०२३ मा अहिलेसम्म कम्तीमा २ सय ८२ जनालाई मृत्युदण्ड दिइएको छ । यो सङ्ख्या गत वर्षको जुन महिनाको सुरूमा मृत्युदण्ड दिइएकाको सङ्ख्याभन्दा झन्डै दोब्बर हो ।

# आठ लाखभन्दा बढी पर्यटक भित्रिए



**सिन्ह्वा**
**कोलम्बो ।**
श्रीलङ्कामा यस वर्ष अगष्ट ८ सम्ममा आठ लाखभन्दा बढी विदेशी पर्यटक भित्रिएको श्रीलङ्का विकास प्राधिकरण (एसएलटिडिए) ले बुधबार जानकारी दिएको छ ।

अगस्टको पहिलो छ दिनमा श्रीलङ्कामा ३० हजार ३ सय ३ पर्यटक भित्रिएको र भारत, संयुक्त अधिराज्य र चीन अगस्ट को आगमनको लागि शीर्ष स्रोत बजार भएको एसएलटिडिएका अध्यक्ष प्रियन्था फर्नान्डोले बताए ।

श्रीलङ्कामा कोभिड–१९ को महामारी र आर्थिक तथा राजनीतिक सङ्कटका कारण विदेशी मुद्रा आर्जन गर्ने प्रमुख मुलुकमध्येको एक पर्यटन क्षेत्र धरासायी भएको छ । सन् २०२२ मा दक्षिण एसियाली राष्ट्रमा सात लाख २० हजारभन्दा कम पर्यटक आएका थिए ।

यद्यपि, आधिकारिक तथ्याङ्कअनुसार सन् २०२३ मा यो उद्योगमा सुधार आएको छ । सन् २०२३ को जुन महिनामा सबैभन्दा बढी एक लाख ४३ हजार ३९ पर्यटक नेपाल भित्रिएका छन् ।

# 'ग्रेट ब्यारियर रिफ' एल निनोको जोखिममा

**एएफपी**
**सिड्नी ।**
सिड्नी–अस्ट्रेलियाको ग्रेट ब्यारियर रीफले समुद्रको तापक्रम मापन गर्दा यस वर्षको अन्त्यतिर 'कोरल ब्लिचिङ' को अर्को घटना हुन सक्ने अस्ट्रेलियाको सर्वोच्च सामुद्रिक विज्ञान निकायले बुधबार जनाएको छ ।


'कोरल ब्लीचिङ'का कारण तापक्रम, प्रकाश, वा पोषक तत्वहरूमा हुने परिवर्तनको कारण 'कोरल रीफ' सेतो हुन्छ । सन् २०२२ मा 'ब्लीचिङ' घटनाले जीवन्त कोरलको स्वास्थ्य बिरामी र फिक्का सेतो नभएसम्म चट्टानको खण्डहरूले रिकभरीको आशाजनक सङ्केतहरू देखाइरहेका थिए । 'अस्ट्रेलियन इन्स्टिच्युट अफ मरिन साइन्स'का अनुसार सन् २०२३ को गर्मी याममा चट्टानको अवस्था 'अपेक्षाकृत हल्का' स्थिर भए पनि यो अनिश्चित अवस्थामा रहेको छ ।



इन्स्टिच्युटका अनुसन्धान निर्देशक डेभिड वाचेनफेल्डका अनुसार जलवायु परिवर्तनका कारण लगातार र गम्भीर 'ब्लिचिङ' हुने घटनाले गर्दा चट्टानमा परिवर्तनको जोखिम बढेको छ । अस्ट्रेलियाको मौसम विभागले आगामी हप्ताहरूमा एल नीनो मौसमी ढाँचा विकसित हुने सम्भावना रहेको बताएको छ, जसले प्रशान्त महासागरमा तातो समुद्रको तापक्रम ल्याउनेछ र 'कोरल ब्लिचिङ'को नयाँ जोखिम ल्याउनेछ । विश्वव्यापी रूपमा, समुद्रको औसत तापक्रम अप्रिलदेखि नियमित रूपमा मौसमी गर्मीको रेकर्डमा उच्च स्थानमा रहेको छ ।

संयुक्त राष्ट्रसङ्घका विज्ञहरूको एक टोलीले यस वर्षको सुरुमा अस्ट्रेलियालाई 'खतरामा परेका' मानिएका सम्पदा स्थलहरूको सूचीबाट हटाएपछि अस्ट्रेलियालाई केही समयका लागि राहत दिइएको थियो । चट्टान अष्ट्रेलियाको प्रमुख पर्यटकीय गन्तव्यमध्ये एक हो र यसलाई खतराको सूचीमा राख्दा अन्तर्राष्ट्रिय आगन्तुकहरूको लागि यसको आकर्षणमा धेरै हदसम्म प्रभावपार्न सक्छ । विश्व सम्पदा निकाय युनेस्कोले सन् २०२१ मा एक खतरनाक प्रतिवेदनपछि चट्टानको सूचीकरण गर्ने विचार गरेको थियो तर अस्ट्रेलियाको अघिल्लो अनुदारवादी सरकारको तीव्र लबिङका कारण यो रोकिएको थियो । यसको सट्टा, युनेस्कोले प्रदूषण, माछा मार्ने, जलवायु परिवर्तन र कोरल ब्लिचिङको प्रभावको आँकलन गर्न अष्ट्रेलियाभित्र एक निगरानी अभियान स्थापना गरेको छ ।

# प्रादेशिक अस्पतालमा मोडुलर ओटी सञ्चालनमा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रादेशिक अस्पताल जनकपुरमा मोडुलर ओटी (विशिष्ट शल्यक्रिया कक्ष) सञ्चालनमा ल्याइएको छ । युरो जेनरल र अर्थो विशिष्ट शल्यक्रिया कक्ष सञ्चालनमा आएको अस्पतालक प्रवक्ता चर्मरोग विशेषज्ञ डा. रामज्ञान यादवले जनाएका छन् ।
अस्पतालका प्रवक्ता डा. यादवले अब ल्याप्रोस्कोपी विधिबाट पनि बिरामीको शल्यक्रिया सुरु भएको बताए ।
न्यूरो सम्बन्धी जनशक्ति नभएका कारण न्युरो ओटी सञ्चालनमा ल्याउन नसकिएको उनको भनाइ छ । प्रवक्ता डा. यादवले भने, 'प्रादेशिक अस्पतालमा न्यूरो सम्बन्धी विशेषज्ञ छैन् । हामीले खोजी गरिरहेका छौँ । जनशक्ति भेटिए लगतै न्युरो सर्जरी पनि सुरु हुन्छ ।'
मधेश प्रदेश सरकारले करिब १० करोड रुपैयाँ खर्चेर तीनवटा मोडुलर ओटी एक वर्षअघि स्थापना गरेको थियो । ३० भदौँ २०७९ मा तत्कालीन सामाजिक विकास मन्त्री नवलकिशोर साहले नवनिर्मित तीनवटा मोडुलर अपरेशन थिएटरको उद्घाटन गरेका थियो ।
प्रादेशिक अस्पताल जनकपुरमा पहिलेदेखि दुईवटा शल्यक्रिया कक्ष मात्र सञ्चालनमा रहेको छ । जनशक्ति अभावमा दुईवटा शल्यक्रिया कक्षबाट दिन तोकेर पालैपालो उपचार सेवा दिने गरिएको छ । जटिल प्रकृतिका बिरामीहरुलाई अन्यत्र रेफर गरिदैँ आएको छ ।
मधेश प्रदेश सरकारको ठुलो र गौरवको प्रादेशिक अस्पताल जनकपुरमा पछिल्लो समय मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत राखिएको छ ।
हाल ३५० बेडको अस्पताल सय बेड धान्ने जनशक्तिले चलिरहेको प्रवक्ता डा. यादवले बताए ।
जनशक्ति पदपूर्ति नभएसम्म शल्यक्रिया बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म हुने छ । ईमर्जेन्सी बाहेकका बिरामीले शल्यक्रियाका लागि पालो कुर्नै पर्ने उनले बताए ।

# सरकारद्वारा रंगशालाको रुप फेर्ने योजना



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
लामो समयदेखि बेवारिसे अवस्थामा रहेको रंगशालाको रुप अब बल्ल फेरिने भएको छ । सप्तरीको राजविराज नगरपालिका वडा नम्बर ७ स्थित राजरंगशालाको रुप फेरिने भएको छ । मधेश प्रदेश सरकारको सहयोगमा मर्मत सम्भार गरी रुप फेरीने तयारी भएको हो ।

जिल्लाको एक मात्र पुरानो खेल मैदानमा राष्ट्रियस्तरका विभिन्न खेलकुद प्रतियोगित आयोजना हुँदै आएकोमा वर्षौंदेखि जिर्ण र बेवारिसे अवस्थामा रहेको छ ।

हाल रंगशालाको प्यारafिट मुनी वर्षौंदेखि विभिन्न व्यक्तीले अतिक्रमण गरी वसोवास गरिरहेका छन भने अर्का तीर ७ हजार दर्शक अटाउने क्षमता भएको प्यारापिट जीर्ण भइ ठाँउ ठाउँमा भत्किएको छ । मर्मत सम्भार नहुदा कुनै वेला पनि प्याराफिट भत्किने र ज्यानै जोखिममा पार्ने सम्भावना समेत रहेको छ ।

बजेट अभावमा मर्मत सम्भार हुन नसकिरहेको बेला खेलकुद पृष्ठभुमी समेत भएका सप्तरीको प्रदेश २ को ख बाट निर्वाचित प्रदेश सभासदस्य तथा मधेश प्रदेशका शिक्षा तथा समाज कल्याण मन्त्री महेश प्रसाद यादवको पहलमा राजरंगशालालाई स्तरोन्नती सहित सौन्दर्यकरण गरिने योजना रहेको जनाइएको छ ।

मन्त्री यादवले राजरंगशालाको जीर्णाद्वाराका लागी आर्थिक वर्ष २०८०/०८१ मा १ करोड बजेट विनियोजन गरिएको जनाएको छ । त्यस्तै राजविराज नगरपालिका वडा नम्बर ५ स्थित पविमाविको खेल मैदान र जिल्ला खेलकुद विकास समितीको परिसरमा रहेको कभर्डहल स्तरोन्नतीका लागी ५०/५० लाख रुपैयाँ र राजविराज नगरपालिका वडा नम्बर २ मा क्रिकेट एकेडमी निर्माणका लागी मधेश प्रदेश सरकारले २५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ ।

दुई दशक अघि तत्कालीन मेयर जगरनाथ दासको समयमा राजंगशालाको स्वामित्व जिल्ला खेलकुद विकास समितीलाई दिएपछी अतिक्रमित स्थान खाली गराउन पटक/पटक प्रयास हुदै आएपनि त्यसले सफलता पाउन सकेको छैन । तर अहिले नगरपालिका र स्थानीय प्रशासन अतिक्रमित स्थान खाली गराउन तातिएकाले छिट्टै रंगशालाको अतिक्रमणमुक्त गरिने बताए ।

२०३६ सालमा तत्कालीन अञ्चलाधिश लक्ष्य बहादुर गुरुङ्गको पालामा निर्माण भएको राजरंगशालाको त्यस पछि हाल सम्म कुनै निकायले पनि मर्मत सम्भार नगर्दा जिर्ण भई जोखिमयुक्त र खण्डहरमा परिणत भएको हो ।

११ औँ राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्ने अवसर मधेश प्रदेशले पाएको जानकारी समेत दिएका मन्त्री यादवले सो समय भित्रै राजरंगशालालाई नयाँ स्वरुप दिई सक्ने लक्ष्य राखेको जनाएका छन् ।
प्रत्येक वर्ष केही न केही बजेट थपेर राजरंगशालाको कायापलट गर्ने सोच बनाएको बताउँदै सप्तरीमा क्रिकेट, फुटबल, भारत्तोलन, जुडो, कराँते, कुस्ती लगायत विभिन्न खेलका अन्तराष्ट्रियका खेलाडी भएपनि स्तरीय खेल मैदान नहुनु लाजको विषय भएको उनले बताए ।
मन्त्री यादवले आफ्नो कार्यकालमा सप्तरीमा खेलका लागी पुर्वाधार निर्माणको काम शूरु गर्न सानो प्रयास गरेको जनाएका छन् ।
राष्ट्रिय तथा अन्तराष्ट्रिhयस्तरका खेलाडी जन्माई सकेको सप्तरीमा भने व्यवस्थित खेल मैदान नहुदा प्रतियोगिता आयोजनामा समस्या हुदै आएको जिल्ला खेलकुद विकास समिती सप्तरीका कार्यालय प्रमुख दिनेश भुजेलको भनाइ छ ।

# आदिवासी जनजातिको मागप्रति जनमतको ऐक्यवद्धता



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सडकमा भेला भएर आदिवासी जनजातिहरूको मागप्रति जनमत पार्टीले ऐक्यबद्धता जनाएको छ ।
विश्व आदिवासी दिवसको अवसर पारेर बुधबार दिउँसो जनमतका नेताहरुले आदिवासी, जनजातिहरुले सरकारसँग राखेका मागप्रति ऐक्यबद्धता जनाएका हुन् ।
आदिवासी, जनजाति, मधेसी समुदाय र पिछडिएका समुदायहरुको हक, अधिकारका लागि लड्ने भएकाले ऐक्यबद्धता जनमत पार्टीका नेता तथा कार्यकताहरु काठमाडौँ स्थित माइती घरमा भेला भएको पार्टीका प्रवक्ता डा.शरदसिंह यादवले बताए ।
यस कार्यक्रममा उनीहरुले संविधानमा उल्लेख गरिएका आदिवासीहरूको वर्गीकरणलाई मानेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।
यस अवसरमा प्रवक्ता यादवले आदिवासी जनजातिहरूको भावनामा चोट पुग्ने कुनै पनि गतिविधि नगर्न पनि सबैलाई आह्वानसमेत गरे ।




# जेष्ठ नागरिक सुगर बिरामीलाई सुगर मापन मेशिन वितरण



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
ज्येष्ठ नागरिकको विरामीलाई मध्यनजर गर्दै दर्जनौँ थान मधुमेह रोग मापन गर्ने यन्त्र वितरण गरिएको छ ।
मधेश प्रदेशका नेकपा एमालेका संसदीय दलका नेता सरोजकुमार यादवले दुई दिनको अन्तरालमा ११५ जना जेष्ठ नागरिक लाई मधुमेह रोग मापन यन्त्र वितरण गरेको हो ।
महोत्तरी क्षेत्र ४ को (क) प्रदेश सांसद यादवले आफ्नो क्षेत्र भित्र रहेको मधुमेहका बिरामी तथा जेष्ठ नागरिकलाई निः शुल्क सुगर मापन यन्त्र वितरण गरेको हो ।
महोत्तरी क्षेत्र नम्बर ४ (क)को औरही नगरपालिका वडा नम्बर १–२ मा ६० जना र सोनमा गाउँपालिका वडा नम्बर ४, ५ का ५५ जना मधुमेहका बिरामीसमेत रहेका ज्येष्ठ नागरिकलाई मधुमेह मापन यन्त्र वितरण गरेको छ ।
पूर्वधार विकास कार्यलय जनकपुरको सहयोगमा चालु आ व ०७९/०८० निर्वाचन विकास क्षेत्र कार्यक्रम अन्तरगत जेष्ठ नागरिकलाई समयमै आफै सुगर चेक गरी खानपिनमा समेत सचेत भई स्वास्थ्यलाई ध्यानमा राख्न मद्दत पुग्ने भएकोले सुगर मापनयन्त्र वितरण गरेको संसदीय दलका नेता यादवले बताए ।

# शहीदनगर नगरपालिकाका निजी विद्यालयका सञ्चालकहरु आन्दोलित

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सरकारले शिक्षा विधेयक संसदमा दर्ता गरेसंगै निजी विद्यालयका सञ्चालकहरु आन्दोलित भएका छन् ।
प्रतिनिधिसभामा पेस गरिएको विधेयक परिमार्जन गरेर पारित गर्नका लागि निजी विद्यालयका सञ्चालकहरुले दवाव दिने उद्देश्यले शहिदनगरपालिका स्थित प्याबसन तथा एनप्याबसन आवद्ध विद्यालयहरु बन्द गरेर आन्दोलनमा उत्रिने जनाएका छन् ।
गत साउन १६ गते बसेको मन्त्रिपरिषद बैठकले विद्यालय शिक्षा विधेयक संसदमा पेश गर्ने निर्णय गरेको थियो । ५२ वर्षपछि संशोधन हुन लागेको विद्यालय शिक्षा ऐनलाई कतिले स्वागत गरेका छन् त कतिले यसलाई परिमार्जन गरेर मात्र पेश गर्नुपर्ने बताएका छन् ।
सरकारले विद्यालय शिक्षा सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक संसदमा पेश गर्ने तयारी गरेपछि नीजि विद्यालयका शिक्षकहरु विरोध जनाएका छन् । निजी विद्यालय सँचालकहरुले विद्येयकप्रति विरोध जनाउँदै परिमार्जन गर्न माग गरेका छन् ।
निजि विद्यालयका सञ्चालकहरुले शहिदनगर नगरपालिकाको प्रमुखलाई ज्ञापन पत्रसमेत बुझाएका छन् ।
शहिदनगर नगरपालिकाभित्र रहेको प्याबसन, एन प्याबसनसहित निजी विद्यालय सँचालकहरुले एकजुट रुपमा नगर प्रमुख दिनेश प्रसाद यादवलाई ज्ञापन पत्र बुझाएका छन् । शहिदनगरमा प्याबसनका नगर समिति अध्यक्ष, एन प्याबसनका अध्यक्ष, नगरपालिकाभित्र सञ्चालनमा रहेको निजि, बोर्डिंग स्कूलका सञ्चालक, शिक्षकहरुले संयुक्त रुपमा ज्ञापन पत्र बुझाएको छ ।
शुल्क सम्बन्धी व्यवस्थामा सार्वजनिक विद्यालयहरुले विद्यार्थीसंग कुनै पनि किसिमको शुल्क लिन पाउने छैन भनेर उल्लेख गरिएको छ । यस्तै निजी विद्यालयले राष्ट्रिय मापदण्डको अधीनमा रहेर स्थानीय तहले तोकेको शीर्षक र सीमाभित्र रही शुल्क लिन पाउनेछन् भन्ने उल्लेख छ ।
सरकारले संसदमा पेश गर्न लागेको विधेयक निजी क्षेत्रमैत्री नभएको बताउंछन् । केन्द्रले नै शुल्क तोक्नुपर्ने माग शिक्षकहरुले राखेका छन् । सबै पालिकामा शिक्षा बुझेका व्यक्ति नहुने भएकाले स–साना विषय पनि पालिकाको जिम्मा लगाउन नहुने जनाएको छ ।



विधेयकमा कायम रहेका राहत शिक्षक अनुदान कोटा र विशेष शिक्षा शिक्षक अनुदान कोटा स्वतः शिक्षक दरबन्दीमा परिणत हुने पनि उल्लेख छ ।
त्यस्तै विद्यालय शिक्षक सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४५ प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी महिला, आदिवासी जनजाती, तराई मधेशमा बसोबास गर्ने मधेसी, आदिवासी, जनाजताी, दलित पिछडा वर्ग वा अल्पसंख्यक मुसलमान समुदाय र थारुका लागि २२ प्रतिशत छुट्याउन उल्लेख गरिएको छ ।

# केराको थाममा समस्या आउन थालेपछि निरीक्षण

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
केराको थाम सुक्न थालेपछि किसानहरु चिन्तित बनेका छन् ।
केराको थाम एकाएक सुक्न थालेपछि सप्तरीको हनुमान नगर कंकालिनी नगरपालिका वडा नम्बर १ भलुवाका किसानहरुले लगाएको केरा खेतीमा थाम सुक्ने समस्या देखिएपछि कृषि शाखा प्रमुखले स्थलगत निरीक्षण गरेका छन् ।
जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिकाका कृषि शाखा प्रमुख विजय कुमार सिंहले बुधबार केरा बगानको अनुगमन गर्दै स्थानीय किसानहरुसंग भेटेर समस्या बारे जानकारी लिएका हुन् ।
रोग प्रभावित केरा बगानमा पुगेका शाखा प्रमुख सिंहले केरामा लागेको रोग नियन्त्रणमा पहल गर्ने बताए ।
उनले केरामा किराको संक्रमण, ओइलाउने, गानो तथा थाममा किरा लाग्ने, गुवा कुहिने, थोप्ले रोगको प्रकोप देखिएको बताए । रोग नियन्त्रणका लागि नगरपालिकाको तर्फबाट सहयोग गर्ने तथा अन्य विज्ञहरुसंग सहकार्य गरि रोग निदानतर्फ छिटै लाग्ने उनले बताए ।
रोगले केरा खेती मासिने अवस्थामा पुगेको भन्दै सोमबार पीडित किसानहरूले नगरपालिकाको कृषी शाखामा ज्ञपनपत्र बुझाएका थिए । स्थानीय अजय कुमार यादव, धर्मी प्रसाद यादव, विश्वनाथ यादव, सिंहेश्वर यादव, राम



अवतार यादवलगायत दर्जनौंको संख्यामा नगरपालिका पुगेका किसानहरुको समूहले कृषि शाखाकी जेटिए सुशिला दाहाललाई ज्ञापनपत्र बुझाउदै रोगको रोकथाम र क्षतिपूर्तिको माग गरेका थिए ।
केरा खेतीमा विभिन्न रोग लागि केराको थाम सुक्ने र मर्ने गरेकाले किसानहरुको अत्यधिक नोक्सान भएको हुँदा कृषि प्रविधिक र विज्ञहरुद्वारा अनुगमन गराई रोकथाम गर्न र क्षतिपूर्तिको व्यवस्था मिलाउन ज्ञापनपत्रमा माग गरेको छ ।

# ठाकुररामलाई शैक्षिक हब बनाउन चाहन्छौँः सिंह



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले वीरगंजको गौरवको रुपमा रहेको ठाकुरराम क्याम्पसलाई शैक्षिक हबको रुपमा स्थापित गर्न महानगर लागिपर्ने बताएका छन् ।
वीरगंज महानगरपालिकाका नगर प्रमुख सिंहको पहलमा ठाकुरराम क्याम्पस परिसरमा तराईको शैक्षिक धरोहरको रुपमा रहेको ऐतिहासिक ठाकुराम बहुमुखी क्याम्पसको छवि पछिल्लो समयमा बिग्रँदै गएकाले यसको सुधारका लागि सरोकारवालाहरुसँग वृहत छलफल भएको छ ।
छलफलक्रममा नगर प्रमुख सिंहले ठाकुररामको गौरव पुनःस्थापित गर्न सबै सरोकारवाला निकाय एकजुट हुनु पर्नेमा जोड दिए । उनले क्याम्पसको गौरव स्थापित गर्न पठनपाठन स्तरीय बनाउन जरुरी रहेको बताउँदै क्याम्पसको भौतिक संरचना मर्मत तथा निर्माणका लागि वीरगंज महानगरपालिकाले लगानी गर्न पनि तयार रहेको बताए । उनले त्यसका लागि क्याम्पस प्रशासनले आवश्यक योजना महानगरपालिकामा ल्याउनु पर्ने कुरामा जोड दिए ।
कार्यक्रममा ठाकुरराम बहुमुखी क्याम्पसका नवनियुक्त क्याम्पस प्रमुख रञ्जित प्रसाद यादवले आफूहरु क्याम्पसको शैक्षिक वातावरण चुस्त बनाउन लागिरहेको भन्दै त्यसका लागि महानगरको साथ अपरिहार्य रहेको बताए । उनले क्याम्पसका सबै प्राध्यापक एकजुट भएर शैक्षिक वातावरण सुधार्न प्रतिवद्ध रहेको भन्दै त्यसका लागि यहाँ अध्ययन गर्ने विद्यार्थी एवम् सबै राजनीतिक दल तथा सरोकारवालाको सकारात्मक साथ आफूले खोजेको बताए ।
पूर्व क्याम्पसप्रमुख ललन द्विवेदीले ६० वर्ष भन्दा पुरानो भवनमा क्याम्पस चलिरहेको भन्दै संरचना निर्माणमा केन्द्रबाट सहयोग हुने नदेखिएकाले महानगरको साथ खोज्नु परेको बताए । कार्यक्रममा ठाकुरराम क्याम्पसका सहायक क्याम्पस प्रमुख, अनिल रमण, विनोद प्रसाद साह, गीता श्रेष्ठ, प्राध्यापक संघका डा.प्रमोद कुमार कुशवाहा, कर्मचारी संघका किशोरी चौधरीलगायतको सहभागिता थियो ।

# मालपोत अधिकृतसहित चारलाई भ्रष्टाचार मुद्दा

**मधेशदृष्टि**
**वीरगंज ।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मालपोत कार्यालय वीरगंजका तत्कालीन मालपोत अधिकृत हरिनारायण मिश्रसहित ६ जनाविरुद्ध भ्रष्टाचारको अभियोगमा विशेष अदालतमा मुद्दा दायर गरेको छ ।
आयोगले अधिकृत मिश्रसहित सनदकुमार द्विवेदी ब्राह्मण, चन्द्रबहादुर भण्डारी, रामेश्वरप्रसाद साह, कमोद तिवारी र लेखनाथ भट्टराईविरुद्ध विशेष अदालत काठमाडौँमा भ्रष्टाचार मुद्दा दायर गरेको आयोगका प्रवक्ता भोला दाहालले जानकारी दिए ।
मालपोत कार्यालय पर्साको रजिष्ट्रेसन फाँट (क) र (ग) बाट रजिष्ट्रेसन पास गर्दा घरबाटो सिफारिस विना न्यूनतम मूल्याङ्कन भन्दा कम मूल्य राखी राजस्व हिनामिना हुने गरी व्यक्तिगत लाभ लिएर लिखत पारित गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको थियो । सोही उजुरीका आधारमा अनुसन्धान गर्दा मालपोत कार्यालयका तत्कालीन अधिकृत मिश्र, द्विवेदी र भण्डारीका साथै कम्प्युटर अधिकृत तिवारी, नासु साह र नासु भट्टराईले फाँट (क) बाट १७ वटा र फाँट (ग) बाट २ वटा लिखत पारित गर्दा लाग्ने राजस्व निर्धारण गर्दा बदनियतपूर्वक ४ लाख २५ हजार ५ सय ३१ रुपैयाँ राजस्व चुहावट गरेको भेटिएको अख्तियारले दाबी गरेको छ ।
आयोगले साहलाई ३ लाख ८७ हजार, तिवारीलाई ११ हजार ७ सय ४७, भण्डारीलाई २ लाख ३९ हजार ४ सय ४, भट्टराईलाई ३८ हजार ५ सय २८, मिश्रलाई ६० हजार ७ सय १९ र द्विवेदी ब्राह्मणलाई १ लाख १३ हजार ७ सय ७८ रुपैयाँ बिगो कायम गरी मुद्दा दायर गरेको प्रवक्ता दाहालले जानकारी दिए ।
आयोगले उनीहरूविरुद्ध कैद र बिगोको दोब्बर हुने रकम २ लाख २७ हजार ५ सय ५६ रुपैयाँ जरिवानाको मागदाबी गर्दै मुद्दा दायर गरेको प्रवक्ता दाहालले जानकारी दिए ।

## सिम्रौनगढका तत्कालीन अधिकृतविरुद्ध मुद्दा दायर

**मधेशदृष्टि**
**बारा ।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बाराको सिम्रौनगढ नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्रप्रसाद साह कानुसहित १० जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । मधेश प्रदेश सरकारको अनुदानबाट आर्थिक वर्ष २०७७÷७८ मा सञ्चालित विभिन्न आयोजनामा काम सम्पन्न नगरी भुक्तानी गरेर रकम हिनामिना गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो । तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत कानु, लेखा अधिकृत सर्मेन्द्रप्रसाद चौधरी, इञ्जिनीयर सुरेशकुमार यादव र सब–इन्जिनियर उपेन्द्र कुशवाहाले सामुदायिक भवन, बर्थिङ सेन्टर लगायतका आयोजनामा झूटो बिलका आधारमा ३७ लाख ९३ हजार २ सय ९२ रुपैयाँ भुक्तानी गरेको अभियोग पत्रमा उल्लेख गरिएको छ ।
निर्णय र भुक्तानी प्रक्रियामा संलग्न चारैजनाविरुद्ध भुक्तानी बराबरको रकम बिगो कायम गरिएको छ भने सामुदायिक भवन निर्माण उपभोक्ता समितिका अध्यक्ष सिकेन्द्रप्रसाद यादव, सचिव विजयकुमार यादव र कोषाध्यक्ष कविता देवी तथा बर्थिङ सेन्टर निर्माण उपभोक्ता समितिका अध्यक्ष रामलोचन साह कानु, सचिव छठु गिरी र कोषाध्यक्ष अनिता देवी लगायतसँग जनही १९ लाख रुपैयाँ बिगो माग दाबी गरिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता दाहालले बताए ।




# किशोरी जिस्काएको निहुँमा ज्यान गयो



**मधेशदृष्टि**
**वीरगंज ।**
किशोरी जिस्काएको विषयलाई लिएर भएको झडपमा पर्सागढीमा युवकको ज्यान गएको छ । १६ वर्षीया किशोरीलाई १७ वर्षीय किशोरले टेलिफोनमार्फत जिस्क्याएको विषयलाई लिएर झडप हुँदा पर्सागढी नगरपालिका वडा नम्बर ४ वारवाटाडीका २१ वर्षीय जमुदिन महमद अन्सारीको मृत्यु भएको हो । झडपमा संलग्न पर्सागढी नगरपालिका वडा नम्बर ४ वारवाटाडीका २४ वर्षीय अबतुल्लाह मिया अन्सारी र ४५ वर्षीय वकिल महमद अन्सारी पक्राउ परेका छन् । वकिल महमद अन्सारी र अली महमद अंसारीबीच शनिबार राति युवती जिस्क्याएको विषयमा झगडा भएको र घटनास्थलमा अचानक आइपुगेका स्थानीय अबतुल्लाह मिया अन्सारीले जमुदिन महमद अन्सारीलाई चिर्पटले टाउकोमा प्रहार गर्दा गम्भीर घाइते भएका थिए ।
घटनालगतै जमुदिनलाई उपचारका लागि नारायणी अस्पताल वीरगंज लगिएको र त्यहाँ उपचार हुन नसकेपछि एलएस न्युरो अस्पताल वीरगंजमा भर्ना गरिएकामा बुधबार उपचारक्रममा उनको मृत्यु भएको हो ।
घटनाबारे प्रहरीले थप अनुसन्धान अगाडि बढाएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवम् डिएसपी दीपक गिरीले बताए ।

# प्रशासनविरुद्ध पत्रकारको प्रदर्शन



**मधेशदृष्टि**
**राजविराज ।**
जिल्ला प्रशासन कार्यालय, सप्तरीले कार्यालय परिसरमा अनुमति बिना फोटो र भिडियो खिच्न रोक लगाएको विरोधमा नेपाल पत्रकार महासंघले मैनबत्ती बालेर प्रदर्शन गरेको छ । नेपाल पत्रकार महासंघको राजविराज स्थित जिल्ला शाखा कार्यालयमा बुधबार साँझ विभिन्न नारासहित प्लेकार्ड प्रदर्शन गर्दै सञ्चारकर्मीहरुले जिल्ला प्रशासन कार्यालयको प्रतिबन्ध विरुद्ध आन्दोलनको घोषणा गरेको हो । यस अघि महासंघले प्रेस स्वतन्त्रता विरोधी सूचना बुधबार साँझ ८ बजेसम्म फिर्ता लिन जिल्ला प्रशासन कार्यालयलाई अल्टिमेटम दिएको थियो ।
आन्दोलनका कार्यक्रम अन्तर्गत साउन २५ गते (आज) थप सशक्त रुपमा अघि बढ्ने महासंघका जिल्ला शाखा अध्यक्ष श्रवण देवले जानकारी दिए । जिल्ला प्रशासन कार्यालयले मंगलबार सूचना जारी गरी पत्रकार सहित सर्वसधारणलाई बिना अनुमति फोटो, भिडियो खिच्न रोक लगाएको थियो । जिल्ला प्रशासन कार्यालयले जारी गरेको सुचनामा अनुमति बिना फोटो वा भिडियो खिचेर सामाजिक सञ्जाल, अनलाइन तथा पत्रपत्रिकामा राखेको भेटिए कारबाही गर्ने चेतावनी दिइएको थियो ।
'कार्यालयमा सेवा लिन आउने सेवाग्राही, पत्रकार वा जोकोही सर्वसधारणले बिना अनुमति यस कार्यालयको परिसरभित्र फोटो, भिडियो खिचेर सामाजिक सञ्जाल, अनलाइन, पत्रपत्रिकामा राखेको पाइएकोले कर्मचारीको व्यक्तिगत गोपनीयताको हक र कार्यालयको सुरक्षा संवेदनशिलताका कारण आदेशानुसार यो सूचना जारी गरिएको छ' सहायक प्रमुख जिल्ला अधिकारी लेबन काश्यप अधिकारीले जारी गरेको उक्त सूचनामा उल्लेख छ । आदेश विपरित गतिविधि गरे वा गराइएको भेटिए प्रचलित कानुन बमोजिम कारबाही हुने जारी सूचना मार्फत चेतावनी दिए लगत्तै पत्रकार महासंघ आन्दोलित भएको हो ।

# पानीको सतह बढेर बस्ती डुबानमा




**मधेशदृष्टि**
**वीरगंज ।**
विगत ३ दिनदेखि परेको अविरल वर्षाका कारण पर्साका केही स्थान डुबानमा परेको छ भन्ने पानीको सतह बढदै गाउँमा पस्न थालेको स्थानीयले बताए ।
पानीको सतह बढ्दै जाँदा पर्साको सबैभन्दा बढी प्रभावित वीरगंज महानगरपालिकाको वडा नम्बर २४, २९ र ३० भएको हो ।
सिर्सिया नदीको बाढीले गर्दा वीरगंज महानगरपालिकाको वडा नम्बर २४ रामगढवामा ५० देखि ६० घरमा पानी पसको छ भन्ने घरधनीले सरसामान अग्लो ठाउँमा सारेको स्थानीय सुरज पंडितले जानकारी दिए ।
वडा नम्बर २४ कै ब्रम्हटोल र नयाँ बस्तीमा पानी पसेकाले जनजीवन प्रभावित बनेको छ । अहिले पनि पानीको तह नघटेको स्थानीयले बताए । यसैगरी, वडा नम्बर २९ बगही र वडा नम्बर ३० लालपर्सामा पनि पानीको सतह अझै नघटेको र डुबान कायमै रहेको वडाअध्यक्ष मनोज यादवले बताए ।
उता, ग्रामीण भेगको छिपहरमाइ गाउँपालिकाको वडा नम्बर १, मिर्जापुरको दक्षिण पूर्वको टोलमा १० देखि १२ वटा घरमा पानी पसी डुबान भएको वडाअध्यक्ष बुलटुन यादवले जानकारी दिए । ओरिया नदीमा आएको बाढीले लगाइएको धानबाली डुबानमा परेको वडाअध्यक्ष यादवले बताए । त्यसैगरी छिपहरमाई गाउँपालिकाको चेरगाहा र बानजारीमा लगाइएको धानबाली डुबानमा परेको छ भन्ने पानीको सतह बढदै गएको स्थानीय सुमन पाण्डेले जानकारी दिए । सिक्टा खोलामा आएको बाढीले छिपहरमाई गाउँपालिकाकै भिस्वाको पूर्वपट्टि गाउँमा पानी पसेको तथा धानबाली डुबानमा रहेको स्थानीय आलोक कुशवाहाले बताए । सिक्टा र ओरिया खोलाले भिष्वामा बर्षेनी डुबान तथा कटान गर्दै आएको छ ।

## मधेशका १ सय ५५ घर डुबानमा

**मधेशदृष्टि**
**वीरगंज ।**
सोमबारदेखि सुरु भएको अविरल वर्षाका कारण मधेश प्रदेशमा १ सय ५५ वटा घरधुरी डुबानमा परेका छन् । मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुरका अनुसार पर्सा, रौतहट र महोत्तरी जिल्लाका विभिन्न नदी र खोलामा आएको बाढीका कारण घर डुबानमा परेका हुन् । मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुरका प्रवक्ता प्रहरी उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले पर्सामा २०, रौतहटमा ७५ र महोत्तरीमा ६० घरधुरी डुबानमा परेको जानकारी दिए । पर्साको वीरगंज महानगरपालिका वडा नम्बर ११ स्थित डोम बस्ती, रौतहटको फतुवाविजयपुर नगरपालिका वडा नम्बर ८ बुनियाँद गाउँ डुबानमा परेको छ ।
यस्तै, रौतहटकै दुर्गाभगवती गाउँपालिका ५ बडहर्वा टोलमा बागमती खोलाको बहाव बढ्न गइ बस्तीमा पानी पसेको र महोत्तरीको लोहारपट्टी नगरपालिका–५ डठौरा गाउँ र बलवा नगरपालिका–११ भगवतीपुरस्थितमा अविरल वर्षाको कारण रातु खोलामा पानीको बहाव बढ्न गइ खोला रोक्न लगाएको तटबन्ध १२ मिटर फुटेर भत्कँदा बस्तीमा पानी पसेको प्रवक्ता श्रेष्ठले जानकारी दिए ।
यस्तै, मधेश प्रदेशमा बाढी तथा डुबानका कारण ३ जनाको मृत्यु भएको छ भने ३ जना बेपत्ता भएका छन् । रौतहटमा ११ र सर्लाहीमा ७२ जना गरी ८३ जनाको सकुशल उद्दार गरिएको प्रदेश प्रहरीले जनाएको छ । बाढी तथा डुबानका कारण प्रभावित क्षेत्रका सडकसमेत अवरुद्ध भएका छन् ।

# पर्सागढीका बालबालिकामा आँखा पाक्ने रोग



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पर्सागढी नगरपालिकालगायत ग्रामीण भेगमा आँखा पाक्ने प्रकोप 'आइफ्लू' को संक्रमण देखा परेको छ । आँखा पाक्ने प्रकोप 'आइफ्लू' संक्रमण ३ वर्षदेखि १२ वर्षसम्मका बालबालिकामा बढी देखा परेको हो । दिनँहु स्थानीय क्लिनिकमा दर्जनौं बिरामी आँखा पाक्ने संक्रमणका कारण उपचारका लागि आउने गरेको चिकित्सकले बताए ।
पर्साको ग्रामीण भेगका सामुदायिक विद्यालय वर्षे बिदाका कारण केहीदिनदेखि बन्द रहे पनि निजी विद्यालयमा पठनपाठन नियमित सञ्चालनमा रहेकाले निजी विद्यालयमा अध्यनरत दर्जनौं विद्यार्थीमा आँखा पाक्ने रोगको संक्रमण देखिएको छ । चिकित्सकले संक्रमितमा आँखा चिलाउने, आँखाबाट आँसु आउने, आँखा सुनिने, कचेरा आउने जस्ता लक्षण देखा पर्नासाथ परीक्षण गरी औषधी लगाउन सुझाव दिएका छन् ।

# निजी विद्यालयका सञ्चालकहरु आन्दोलित



**मधेशदृष्टि**
**वीरगंज ।**
विद्यालय शिक्षासम्बन्धी कानुन संशोधन र एकीकरण गर्न बनेको विधेयक २०८० को विरोधमा वीरगंजका निजी विद्यालयका सञ्चालक आन्दोलित भएका छन् ।
विधेयकको विरोधमा प्याब्सन, एनप्याब्सन र हिसानले संयुक्तरूपमा घोषणा गरेको आन्दोलनअनुसार बुधवार तीन वटै संस्थाले वीरगंज महानगरपालिकामा ध्यानाकर्षण पत्र बुझाए । प्याब्सन वीरगंज महानगरका अध्यक्ष आलोककुमार चौरसिया, एनप्याब्सन वीरगंज महानगरका अध्यक्ष जियालाल गुप्ता र हिसानका मनिष सिंहले बुधबार वीरगंज महानगरका मेयर राजेशमान सिंह, उपमेययर इम्तियाज आलम र शैक्षिक प्रशासन महाशाखा प्रमुख अरविन्दलाल कर्णलाई ध्यानाकर्षण पत्र बुझाएका हुन् ।
विधेयकमा समावेश गरिएका कतिपय प्रावधान निजी लगानीका संस्थागत विद्यालयप्रति पूर्वाग्रही मात्रै नभएर संविधान विपरित, अव्यवहारिक र अन्यायपूर्ण भएकाले त्यसलाई खारेज मागसहित देशभरका निजी विद्यालय सञ्चालक आन्दोलनमा उत्रिएको प्याब्सन वीरगंज महानगरका अध्यक्ष चौरसियाले बताए ।
विधेयक आफूहरुले भनेबमोजिम संशोधन नगरी पारित गरिएको खण्डमा देशैभरका निजी विद्यालय बन्द गर्न बाध्य हुने हिसानका सिंहले चेतावनी दिए ।
एनप्याब्सन पर्साका अध्यक्ष रामराज श्रेष्ठले आन्दोलनको चरणबद्ध कार्यक्रम अनुसार साउन २८ गते देशैभरका निजी विद्यालय बन्द र भदौ १ गतेदेखि अनिश्चितकालीन विद्यालय बन्द तथा विद्यालयका सवारी साधन सार्वजनिक स्थलमा पार्किङ गर्ने कार्यक्रम रहेको श्रेष्ठले जानकारी दिए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका–१५, दर्ता नं. ३११–०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम–२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१–५९०२८९, Email: madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन